# नेपाली समाचार

जापानबाट प्रकाशित पहिलो नेपाली पत्रिका | First Nepalese Newspaper in Japan | 日本初ネパール語の新聞

वर्ष ८, अंक १८, २०७३ असार १७-३१, मूल्य : १०० येन — Vol. 8, No. 18, July 1-15, 2016, Price : ¥ 100



**३ | घट्यो तलब:** पार्टटाइम कर्मचारीको हिस्सा बढेपछि जापानमा कर्मचारीको घट्यो तलब

**४ | काबुल छानविन:** १३ नेपालीको मृत्यु भएपछि सरकार काबुल घटना छानविनमा लाग्दै

**८ | जमाना फेरियो:** सामाजिक सञ्जालको विकाससँगै चिठीपत्र बिस्थापित हुँदै



Across · No.1 TRAVEL BY H.I.S.

WORLDWIDE DISCOUNTED AIR TICKET BOOKING

KATHMANDU

| | |
|---|---|
| CATHAY PACIFIC (NARITA) ¥40,000~ (ONE WAY) ¥62,000~ (2 MONTH FIX) ¥77,500~ (2 MONTH FIX OPEN) | MALAYSIAN AIRLINES (NARITA) ¥1,00,000~ (2 MONTH FIX OPEN) ¥85,000~ (1 MONTH FIX OPEN) ¥64,000~ (ONE WAY) (FUEL SURCHARGE INCLUDED) |
| CATHAY PACIFIC (HANEDA) ¥44,000~ (ONE WAY) ¥67,000~ (2 MONTH FIX) ¥88,000~ (2 MONTH FIX OPEN) | ETIHAD AIRWAYS ¥55,000~ (35 DAYS FIX) |
| | QATAR AIRWAYS (HANEDA) ¥47,200~ (35 DAYS FIX OPEN) |
| CHINA EASTERN AIRLINES ¥22,500~ (6 MONTH FIX OPEN) ¥20,300~ (ONE WAY) | AIR INDIA ¥61,000~ (1 MONTH FIX OPEN) ¥66,000~ (3 MONTH FIX OPEN) ¥42,000~ (ONE WAY) |
| CHINA SOUTHERN AIRLINES ¥68,300~ (3 MONTH FIX OPEN) ¥46,000~ (ONE WAY) | KOREAN AIRLINES ¥46,000~ (3 MONTH FIX OPEN) |
| THAI AIRWAYS ¥80,000~ (2 MONTH FIX) | SINGAPORE AIRLINES ¥80,000~ (1 MONTH FIX OPEN) |

विस्तृत जानकारीको लागि
- Rikesh Maharjan -Juma Maharjan
080-4794-4065 (SoftBank) 03-6871-9261
Business Hour【Mon.-Fri.】10:00-19:00【Sat./Sun. national holiday】11:00-18:00
"माथि उल्लेखित मूल्यमा इन्धन शुल्क र एयरपोर्ट कर समावेश गरिएको छैन"
his552d@his-world.com http://www.no1-travel.com


# 'राजनीति पेशा हैन, सेवा हुनुपर्छ'

❑ नेस डेस्क

*काठमाडौं - नेपालका राजनीतिक दलहरूले खासै उल्लेखनिय काम गर्न सकेनन् भनेर टिकाटिप्पणी भैरहेका बेला हालसालै मात्र पूर्वप्रधानमन्त्री तथा एमाओवादीका पूर्व नेता डा. बाबुराम भट्टराईको नेतृत्वमा नयाँ शक्ति नेपाल पार्टी घोषणा भयो । घोषणा भएसँगै केहि दिन चर्चामा रहेको नयाँ शक्ति अहिले भने केहि सेलाएजस्तो देखियो ।*

*यसैबीच आइतबार मात्र औपचारिक रूपमा नयाँ शक्तिले निर्वाचन आयोगमा दल दर्ता पनि गर्‍यो । 'अबको निकास आर्थिक बिकास, समृद्धि संभव छ हाम्रै पालामा' नारा बोकेको नयाँ शक्तिले कसरी देशको आर्थिक बिकास मजबुत बनाउदै छ त ? यसै सन्दर्भ र पछिल्लो राजनीतिक घटनाक्रमबारे नयाँ शक्ति नेपालका प्रवक्ता खिमलाल देवकोटासँग नेपाली समाचारका लागि हाम्रा सहकर्मी* ***गोबिन्द मरासिनी****ले गर्नु भएको कुराकानीको सम्पादित अंश :*

**नयाँ शक्ति अब पुरानो भयो कि क्या हो ? चहलपहल हरायो त ? के गर्दै हुनुहुन्छ ?**

हामीले नयाँ शक्ति घोषणाको प्रक्रियालाई अलि लामो बनायौ । आजसम्मका निर्माण भएका पार्टीहरु खाली ३/४ जना बसेर डकुमेन्ट तयार गर्ने, निर्णय गर्ने अरूले त्यसैलाई मान्न पर्ने तरिकाले भए त्यो चाँहि परम्परागत शैली हो ।

»» बाँकी पृष्ठ ६ मा


खिमलाल देवकोटा

## डा. केसीको आठौ आमरण अनसन
# पक्ष र विपक्षमा नाराबाजी

❑ नेस संवाददाता

काठमाडौं - त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालका प्रा. डा. गोविन्द केसी आठौं पटक आमरण अनसन बस्नुभएको छ ।

मेडिकल शिक्षालाई सुधारका लागि सरकारसँग भएका सहमति कार्यान्वयनको ठोस प्रतिवद्धता नआएको भन्दै केसी आइतबार त्रिवि शिक्षण अस्पतालमा आमरण अनसनमा बस्नुभएको हो । यसअघि सात पटकसम्म अनसन बसेको ठाउँमा अनसन बस्न अस्पताल प्रशासनले नदिएपछि केसी अस्पतालको डी ब्लगको दोश्रो तल्लाको एउटा सानो कोठामा अनसन बस्नुभएको हो ।

मेडिकल शिक्षामा अख्तियार दुरूपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त लोकमानसिंह कार्कीले हस्तक्षेप गरेको दावी गर्दै डा. केसीले कार्कीलाई महाअभियोग लगाउनुपर्ने माग पनि गर्नुभएको छ । डा. केसीले कार्कीमाथि

आफ्ना आफन्तजनको निहित व्यापारिक स्वार्थका लागि समग्र सुधारको प्रक्रिया अवरूद्ध पारेको र भ्रष्टहरूलाई संरक्षण दिएको आरोप पनि लगाउनुभयो ।

कार्यक्षेत्र नाघेर काठमाडौं विश्वविद्यालयको प्रवेश परीक्षामा हस्तक्षेप गर्न लगाएको आरोप पनि कार्कीमाथि लगाइएको छ । त्यसैले अख्तियार प्रमुख कार्कीलाई संसदबाट महाअभियोगको प्रक्रिया थाल्नुपर्ने केसीको माग छ ।

»» बाँकी पृष्ठ ६ मा

# बिना भिसाका आफ्ना नागरिक फिर्ता पठाउन जापानद्वारा अनुरोध

❑ नेस संवाददाता

टोकियो - जापानमा बढि संख्यामा गैरकानुनी रूपमा ओभरस्टे नागरिक रहेका मुलुकका दूतावासलाई जापानी अध्यागमन बिभागले आफ्ना देशका नागरिकहरूलाई स्वतस्फुर्त रूपमा सम्बन्धित मुलुक फिर्ता गर्न अनुरोध गरेको छ । उक्त कुरा सम्बन्धित बिभागका अधिकारीहरूसंगको कुराकानीबाट थाहा लागेको क्योदो न्युजले जनाएको छ । यसरी आफै स्वेच्छिक रूपमा

देश फर्कन खोजेमा पक्राउ नगरी सहज प्रक्रियाद्वारा फर्कन पाइने जानकारी बिभिन्न पर्चा, पोष्टर तथा दूतावासको वेबसाइट मार्फत आफ्ना नागरिकहरूलाई दिन पनि अध्यागमनले अनुरोध गरेको छ ।

»» बाँकी पृष्ठ ६ मा


"नेपालीका लागि नेपालीबाटै"
फुदोसान, हाकेन र इन्टरनेट लगायतका सेवाहरु
कोठा तथा रेष्टुरेन्ट चाहिएमा
जापानका विभिन्न ठाउँमा काम चाहिएमा
(पार्ट टाइम तथा फुल टाइम, स्युस्योकुको लागि)
इन्टरनेट जडान गर्नु परेमा
(विभिन्न उपहारका साथमा)
SoftBank
कम्प्यूटर चाहिएमा
(नयाँ तथा पुराना विभिन्न मोडलहरूमा)
सित्तैमा सफ्टबैंकको मोबाईल चाहिएमा
(नयाँ सिम सहितको सफ्टबैंकको मोबाईल सेटहरू सित्तैमा उपलब्ध गराईन्छ)
सिन्जुकु, इकेवुकुरो, सिनओकुवो, ताकादानोवावा, नाकानो, कोयञ्जी, कामाता, कोइवा, ग्योतोकु, गोतान्दा, आसागाया, साइतामा, चिवा, खानागावा, लगायत अन्य ठाउँहरु
GLOBAL HOME NETWORK
Global Home Network Co., Ltd.
Tokyo-To, Shinjuku-Ku, Hyakunin-Cho 1-17-5, Mezon Ogura 305
*1 minute walk from Okubo Station (Between Shinokubo & Okubo Station)
Phone: 03-5937-6958 Fax: 03-5937-6959
Mobile: 080-6527-7479 (Paudel)
080-3158-5833 (Yoshida)
URL: globalhomejapan.com
E-mail: shiva_pkr@globalhomejapan.com
विशेषताहरू:
- अति नै सस्तो किमनी भएको कोठा तथा इनुकी रेष्टुरेन्टहरु
- पायक पर्ने उपयुक्त ठाउँहरु
- ग्यारेन्टरको झन्जट नहुने
- छिटो र छरितो



विशेष छुटको ब्यवस्था
उच्च गुणस्तरको, तन्दुर तथा विभिन्न मसलाहरू चाहिएमा अथवा रेष्टुरेन्टलाई आवश्यक पर्ने विभिन्न सामग्रीहरूका लागी हामीलाई सम्झनुहोस् ।
जापानमा तन्दुर तथा मसलाहरुको पहिलो थोक विक्रेता
काजु प्रति केजी ९९९ येन मे महिनाको लागि मात्र
सम्पर्क:
NAMASTE BOUEKI
Namaste Boueki Building, 3375 Nakashima, Shikamaku, Himeji-Shi, Hyogo, 672-8035
TEL: 079-231-4343
MOB: 080-5343-6366 FAX: 079-231-4344



No.1 TRAVEL We go the extra mile for you SHIBUYA BRANCH
हवाई-टिकटका लागि स्वर्णिम अवसर
"नम्बर वन ट्राभल"
बिशेष छुटसहित भरपर्दो हवाईयात्राका लागि सँधै नम्वर वन ट्राभललाई सम्झनुहोला ।
दशैं स्पेशलको बिशेष ब्यवस्था छ, बुकिङ सुरु भईसक्यो, छिटो गर्नुहोला ।
✔ अन्यत्र भन्दा सुपथमूल्यमा हवाई टिकटको ग्यारेन्टी

| काठमाण्डौ | आउने-जाने |
|---|---|
| ३८,००० येन | एक महिना फिक्स ओपन चाइना साउर्थन एयर |
| ६५,००० येन | दुई महिना फिक्स ड्रागन एयर |
| ६०,००० येन | एक महिना फिक्स थाई एयर |
| ५८,००० येन | एक महिना फिक्स मलेशियन एयर |
| ७७,००० येन | तिन महिना फिक्स ओपन कोरियन एयर |

/no1travelshibuya
〒150-0043 Shibuya Ku, Dougenzaka 1-20-1 Osawa Bld. 6F, Tokyo, Japan
Sujan: 080-4142-4740 (SB, Viber)
Sagar: 070-1202-7068 (SB, Viber)
Bimala : 080-4142-4741 (SB, Viber) (KAWASAKI)
Shibuya Office: 03-3770-1381 Kawasaki Office: 044-276-8311
"माथि उल्लेख गरिएका भाडामा एयरपोर्ट दस्तुर र इन्धन मूल्य समावेश गरिएको छैन"



कोठा तथा इन्टरनेटका लागि
जापानभरी नै सेवा उपलब्ध छ
१ मान क्यास ब्याक अथवा आकर्षक कम्प्यूटर उपहार पाउनुहोस् ।
तपाईलाई आवश्यक परेको ठाउँमा आकर्षक र सस्तो कोठाहरू उपलब्ध गराईन्छ ।
ADVANCE LIFE CO., LTD.
169-0075, Tokyo, Shinjuku-Ku, Takadanobaba 2-19-7, Tak Eleven Takadanobaba Room No. 1001
TEL: 03-6380-3175 FAX: 03-6380-3176, Fukuda: 080-3159-3298 (SB), 090-4097-8715 (Docomo)
Mobile: Shrestha 080-4166-9841, Sapkota: 090-2979-2787



समुद्रपारि.com क्षणभरमै संसारभरि सूचना र सञ्चारका लागि समुद्रपारि डट कम www.samudrapari.com Log on Now

Published By:
GMT International Co., Ltd.

Tilak Malla
Chairman

Bhushan Ghimire
Editor

Dr. Bhupal Man Shrestha
Managing Director

2-14-4 (1F) Hyakunincho, Shinjuku-Ku, Tokyo 169-0073
Tel & Fax: 03-5937-5314
Email: nepalisamchar@gmail.com, samudraparinews@gmail.com
http://www.samudrapari.com, http://www.gmt-intl.com

## सम्पादकीय

# अनुभूत गर्न नसकिएको परिवर्तन

नेपालको इतिहासमा २००७ सालदेखिको मात्र कुरा गर्ने हो भने पनि बिभिन्न कालखण्डमा एकपछि अर्को गर्दै हालसम्म ठूला ठूला राजनीतिक परिवर्तनहरु भएका छन् । तर सोहीअनुसार नेपाली जनताले परिवर्तनको अनुभूत भने गर्न पाएका छैनन् । यो साँचो यथार्थ कसैबाट छिपेको छैन । ६५ वर्षदेखिको लामो अपेक्षा पछि संविधानसभाबाट संविधान त जारी भएको छ, तर यसको सफल कार्यान्वयन गरेर देशलाई समृद्धिको बाटोमा लैजाने र नेपाली जनताको जीवनशैलीमा परिवर्तन ल्याउने चुनौती भने ज्यूँका त्यूँ छन् ।

देश शान्ति प्रक्रियामा प्रवेश गरेको पनि नौ वर्ष बितिसकेको छ । यस अवधिका अधिकांश समय प्रमुख राजनीतिक दलहरु एकै ठाउँमा उभिएकै थिए । दलहरु प्रतिबद्ध भइदिएको भए यो अवधिमा पनि विकास निर्माणका थुप्रै कामहरु अगाडि बढाउन सकिन्थ्यो र त्यसबाट नेपाली जनताले परिवर्तनको अनुभूति गर्न सक्थे । विडम्वनाको कुरो त्यसो हुन सकिरहेको छैन । जसले गर्दा हरेक क्षेत्रमा निराशा र कुण्ठा बढाएको छ । यसलाई राज्यको बागडोर सम्हालेका जिम्मेवार शक्तिले बेलैमा सम्बोधन गर्न सक्नुपर्दछ ।

राजनैतिक दलहरुबीचको सहकार्यमा चलेको यो नौ वर्षमा राज्य र नेतृत्वले चाहेको भए अहिलेको आवश्यकतालाई पूरा गर्न पुग्ने बिजुली उत्पादन हुन सक्थ्यो । विडम्बनाको कुरो नेतृत्वको ध्यान यतातर्फ भन्दा पनि सत्ताको भागबण्डा र राजनीतिक भविष्य निर्माण गर्ने दलीय स्वार्थमा बित्यो । जसले गर्दा मुलुकको समृद्धिका कुरा त परै जाओस् दाताले दिएको सहयोगबाट भूकम्प पीडित नेपालीहरुको घरबासको समेत पुननिर्माण हुन सकेको छैन । यसबिचमा नेपाली जनताले देखाएको यो धैर्यता र सहनशिलतालाई राज्यले कमजोरी ठान्नु हुँदैन ।

नेपालको विकास निर्माणका लागि आवश्यक पर्ने क्षमतावान लाखौं जनशक्ति अहिले पनि बाध्यतावश परेर आफ्नो जन्मभूमि छोडेर विदेशमा पसिना बगाउन विवश छ । यो शक्तिलाई देशभित्रै आकर्षित गरी आफूसँग भएको सीप र क्षमता आफ्नै माटोमा पोख्ने वातावरण राजनीतिक नेतृत्वले बनाउनुपर्दछ । तर हाम्रो नेतृत्वले चुनावी राजनीतिभन्दा पर देख्ने हिम्मत देखाएको पाईदैन । त्यसैले त पढे लेखेका हजारौं युवाहरु रोजगारीका लागि वर्षौं सडकमा भौतारिएर केही सीप नलागेपछि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट दिनुहुँ बिदा भईरहेका हुन्छन् । के तिनीहरुलाई मुलुकमै फर्काउने योजना राज्यले बनाउन सक्दैन ? देशको राजनैतिक परिवर्तनले बोकेको एजेण्डाअनुरुप काम गर्ने हो भने यो शक्ति मुलुक परिवर्तनका लागि अद्वितीय स्रोत बन्न सक्छ ।

नेपालमा ८३ हजार मेघावाट बिजुली उत्पादन गर्ने जलस्रोत छ भनेर गर्वले छाती फुलाईन्छ । तर दुरदराजका कुरै छोडौं, राजधानीबासी नै लोडसेडिङको मारमा दिनहुँ घण्टौसम्म अध्याँरोमा बस्नुपर्ने अवस्था छ । देशको अहिलेको आवश्यकता पूरा गर्ने बिजुली कसरी निकाल्ने भनेर बेलैमा ध्यान दिएको भए आज यो अवस्था आउने थिएन । यसैगरी कृषिप्रधान देश, त्यसमा पनि ६५ प्रतिशतभन्दा बढी जनता संलग्न रहेको कृषि क्षेत्र भनेर गर्व गरिन्छ, तर देशलाई खाद्यान्नमा आत्मनिर्भर कसरी तुल्याउने भन्ने उपायको खोजीमा राज्यको ध्यान पुगेको देखिदैन । त्यस्तै पर्यटनको क्षेत्रमा अथाह सम्भावनाहरु छन् । यस क्षेत्रको समुचित विकास हुन सकेमा लाखौं योग्य जनशक्ति स्वदेशमै रम्ने अवस्था सिर्जना हुन सक्छ । मुलुकको सबै वर्ग र क्षेत्रलाई समेटेर गरिएको विकासले मात्र नागरिकहरुले साँच्चिकै परिवर्तनको अनुभूति गर्न सक्दछन् । नेपाली जनता त्यस्तो परिवर्तनको ब्यग्र प्रतीक्षामा छन् ।

# खुल्ला विश्वविद्यालय: सबैका लागि फाईदा

धेरैका लागि खुला विश्वविद्यालय उपयोगी हुन्छ । पहिले विविध कारणले पढ्न नपाएका तर अहिले पढ्न पाए हुन्थ्यो भन्ने जमात छ । उनीहरुमध्ये कतिलाई सानो उमेरकासँग पढ्न अप्ठ्यारो हुन सक्छ । काम गर्दागर्दै केही सिकौं भन्ने पनि छन् । दूरदराजमा बसेको व्यक्ति पढ्नका लागि विश्वविद्यालय जान सक्दैन । करिअर अघि बढाउन एक्स्ट्रा डिग्री चाहने पनि उत्तिकै संख्यामा छन् । प्रायः सबै विश्वविद्यालयका केही खास सहरी क्षेत्रमा रहेका छन् । सबैलाई तोकिएको ठाउँमा आउन संभव हुँदैन । यसरी आफ्नै घरमा बसी-बसी उच्च शिक्षा लिन पाउने सुविधा खुला विश्वविद्यालयमा रहेको हुन्छ । खुला विश्वविद्यालयमा सिक्ने विधि पनि खुला हुन्छ । विद्यार्थीहरु कक्षामा आउनैपर्छ भन्ने हुँदैन । हामीले कक्षामा विभिन्न विधि प्रयोग गरेर विद्यार्थीलाई सिकाउँछौं । खुला विश्वविद्यालयमा दूरशिक्षा एउटा विधिका रुपमा प्रयोग हुन्छ । दूरशिक्षा खुला सिकाइको एउटा विधि हो । निश्चित ठाउँमा आउन नसक्नेलाई दूरशिक्षाको विधिबाट पढाउने गरिन्छ । महिला, पिछडिएका वर्ग, जनजाति, जसले पढ्न पाएका छैनन्, उनीहरुलाई पढाउने ठाउँ खुला विश्वविद्यालय हो । खुला विश्वविद्यालयको फाइदा चारवटा पक्षले लिन सक्छन्, 'लास्ट', 'लिस्ट', 'लस्ट' र 'लोयस्ट' । नेपालमा साक्षरताको प्रतिशत कम छ । यसमा पनि खुला विश्वविद्यालयले काम गर्नुपर्छ ।

दूरशिक्षामा चारवटा मिडियाको प्रयोग हुन्छ । एउटा प्रिन्ट मिडिया हो । विद्यार्थीलाई चाहिने पाठ्यपुस्तक, सामाग्री, सन्दर्भ सामाग्री प्रिन्ट गरी ठाउँ-ठाउँमा पठाउने गरिन्छ । अर्को अडियो मिडिया हो । अडियो प्रोग्राम बनाएर एफएमहरुबाट प्रसारण गर्ने वा त्यस्तो अडियो विद्यार्थीसम्म पुऱ्याउने गरिन्छ । यसमा 'सिन्क्रोनस' र 'असिन्क्रोनस' दुई तरिकाले पठाउन सकिन्छ । सिन्क्रोनस भनेको अडियो बजाएको समयमा विद्यार्थीले सुन्छ र असिन्क्रोनस भनेको सिडी, क्यासेटमा बनाइन्छ, वेभसाइटमा राख्न सकिन्छ । विद्यार्थीले फुर्सदको समयमा सुन्न सक्छन् । त्यसैगरी भिडियोको माध्यमबाट सामाग्री दिन सकिन्छ । टेलिभिजनमार्फत प्रत्यक्ष शिक्षण गर्न पनि सक्छौं । त्यो भिडियो विद्यार्थीले आफ्नो अनुकूल हेर्न, सुन्न सक्छ । चौथो, मल्टी मिडिया हो । कम्प्युटर टेक्नोलोजी प्रयोग गरेर सामाग्री दिन सकिन्छ । यो विधि अरु विश्वविद्यालयको विधिभन्दा फरक छ ।

कसैले खुला विश्वविद्यालयको डिग्रीलाई सेकेण्ड क्लासको डिग्री भन्ने पनि गरेका छन् । सुरुमा अस्ट्रेलिया, बेलायत, चीन, सिंगापुर, मलेसिया जहाँ खुला सिस्टमको शिक्षा छ, त्यहाँ कक्षामा नगई लिएको डिग्रीलाई होच्याइन्थ्यो । तर, अहिले खुला विश्वविद्यालयका डिग्रीलाई पनि 'फेस टु फेस' डिग्रीबराबर वा त्योभन्दा राम्रो मानिन्छ । नेपालमा पनि केही वर्ष पहिले पूर्वाञ्चल विश्वविद्यालयले दूरशिक्षा सञ्चालनको अनुमति दिएको थियो । झण्डै ११ वर्षअघि लोकसेवा आयोगमा यसको डिग्रीबारे विभिन्न विश्वविद्यालयका प्राध्यापकलाई बोलाएर छलफल भयो । म पनि त्यो छलफलमा गएको थिएँ । मैले यसको वास्तविकता बुझाएँ । त्यसपछि लोकसेवा आयोगका तत्कालीन अध्यक्ष कन्भिन्स हुनुभयो र लोकसेवामा दूरशिक्षाबाट आएकाले पनि समकक्षता पाए । नेपालको खुला विश्वविद्यालय सरकारको हो । यसले गरिब-गुरुवा, घरमा बस्ने, काम गर्न जान पर्ने, बिहान-बेलुका अलिकति समय हुने व्यक्तिलाई नजिकैको आउट रिच सेन्टरमा बोलाएर उनीहरुको कुरा सुन्ने, नबुझेको कुरा बुझाउन एक्सपर्ट राख्ने व्यवस्था गर्नुपर्छ । खुला विश्वविद्यालयका विद्यार्थीलाई प्रिन्ट, अडियो, भिडियो, इमेललगायत माध्यमबाट सामूहिक छलफल हुन्छ । त्यहाँ आफ्ना कुरा राख्न पाउँछ, आफूलाई चाहिएको सामाग्री त्यहींबाट डाउनलोड गर्न पाउँछ, शिक्षकले त्यहीं प्रतिक्रिया दिएको हुन्छ ।

सन् १९६० को दशकमा बेलायतमा संसारकै पहिलो खुला विश्वविद्यालय खुल्यो । त्यतिवेला खुला विश्वविद्यालय भनेपछि नाक खुम्च्याउने अवस्था थियो । बिस्तारै कुरा बुझ्दै आए कि ठूला भवन बनाएर कलेज खोलेर मात्र हुन्न । उदाहरणका लागि, २५ जनाको क्षमता भएको त्रिविको साइन्समा सय जना भर्ना गरेको छ । पद्मकन्या, त्रिचन्द्र, ठाकुररामजस्ता क्याम्पसमा सिट थोरै छ तर पढ्न चाहने धेरै छन् । त्यसकारण हामीले धेरै मानिसलाई एकैचोटि उच्च शिक्षा दिने हो भने खुला विश्वविद्यालयबाहेक अरु विकल्प छैन । खुला शिक्षामा अनलाइनबाट पनि शिक्षा लिन सकिन्छ । अरु देशका खुला विश्वविद्यालयको बजार नेपालमा आएको छ भने, अंग्रेजी माध्यमबाट शिक्षा दिने हो भने नेपाल बाहिरबाट पनि आकर्षण हुन सक्छ । यसका धेरै फाइदा छन् । सुरुमा बुझाउनुपर्छ । शिक्षा मन्त्रालय, विश्वविद्यालय आफैले एड्भोकेसी गर्नुपर्छ । सरकारलाई पनि कन्भिन्स गर्नुपर्छ । त्रिभुवन विश्वविद्यालयमा 'टुरिस्ट विद्यार्थी' धेरै छन् । खुला विश्वविद्यालय बनेपछि हाजिरीमा कडिकडाउ गर्न सकिन्छ । जो नियमित पढ्न आउन सक्दैनन्, उनीहरु खुला विश्वविद्यालयमा जान सक्छन् ।

### विचार

✍ प्रा. डा. मनप्रसाद वाग्ले

**नेपालमा खुला विश्वविद्यालय स्थापना भएको पहिलोपटक हो। सबैभन्दा ठूलो चुनौती नेतृत्वको हुन्छ। यो विश्वविद्यालय पनि कुनै पार्टीको भागबण्डामा पर्न सक्छ। त्यसो भयो भने त्यो नै पहिलो प्रहार हुन्छ। दोस्रो, हामीले सबैभन्दा नवीनतम प्रविधि भित्र्याएनौ भने अरूसँग प्रतिस्पर्धा गर्न सक्दैनौ।**

अन्य विश्वविद्यालयमा उपकुलपति छनोट गर्ने एउटा समिति हुन्छ, त्यसले सिफारिस गरेपछि कुलपतिले नियुक्ति गर्छ र उपकुलपतिले सिफारिस गरेको मान्छे रजिस्ट्रार हुने व्यवस्था छ । खुला विश्वविद्यालयमा एउटै समितिले उपकुलपति र रजिस्ट्रार पनि सिफारिस गर्छ । खुला विश्वविद्यालय ऐनमा अन्य प्रावधान मोटामोटी समेटिएका छन् । तर ऐनलाई कार्यान्वयन गर्ने दिशामा केही समस्या हुन सक्छ । हामीले सन् १९९३ देखि आवाज उठाउँदै आएको खुला विश्वविद्यालयको ऐन २०१६ मा आएर बल्ल पास भएको छ । सन् १९९३ मा चिराग भन्ने संस्था, जसको उपाध्यक्ष म आफै थिएँ, ले पहिलो ०४८ सालको सरकार बनेपछि तत्कालीन शिक्षामन्त्री गोविन्दराज जोशीलाई भेटेर खुला विद्यालय सुरु गरौं भनेर आफैले प्रस्ताव गरेको थिएँ । प्रत्युत्तरमा शिक्षामन्त्रीले यो स्कुल खोल्दा हामीलाई कति भोट आउँछ भनेर प्रश्न सोध्नुभयो । मैले यो काम गर्दा तपाईंको भोट पक्का हुन्छ भनेको थिएँ । तर, पछि त्यो विषय हरायो । त्यसपछि एउटा क्यानेडियन ग्रुपसँग भेटेर मेरो नेतृत्वमा नेपालमा खुला विश्वविद्यालयको फिजिबिलिटी स्टडी गरायौं । शिक्षा मन्त्रालयअन्तर्गत सानोठिमीमा रहेको दूरशिक्षा केन्द्र तथा रेडियो नेपाललाई उपयोग गर्नेदेखि कहाँ-कहाँ कस्तो भवन बनाउनुपर्छ भन्नेसम्म समेटेर सन् १९९६ मा विस्तृत प्रतिवेदन दियौं । सन् १९९८ मा विद्यानाथ कोइरालालगायतको एउटा टिमले खुला विश्वविद्यालय विधेयक नै बनायो । त्यसको छलफलमा म पनि सहभागी भएको थिएँ । त्यो पनि थन्कियो । जयराम गिरी शिक्षासचिव हुनुभएका वेला उहाँले खुला विश्वविद्यालय समिति बनाइदिनुभयो । विद्यानाथ कोइराला, मलगायत १२, १५ जनाको समिति बन्यो । हामीले खुला विद्यालयलाई पनि खुला विश्वविद्यालयभित्र छिराउने विस्तृत कार्यक्रम बुझायौं । सन् २००२ मा सरकारको वार्षिक नीति तथा कार्यक्रमका वेला राजा वीरेन्द्रले खुला विश्वविद्यालयबारे बोले । त्यसै सालको बजेटमा ९९ लाख विनियोजना भयो । तर, विश्वविद्यालय अनुदान आयोगले रकम त्रिविका आंशिक शिक्षकको नाममा दियो । सन् २००५ मा सरकारको २५ लाख बजेट विनियोजन गरेको थियो । दशौं योजनामा खुला विश्वविद्यालय स्थापनाको कुरा राखिएको छ । २००५ - ६ तिर एनआरएन आयो । शिक्षा मन्त्रालयले फुलमाला लगाएर शिक्षा मन्त्रालयभित्र अफिस दिएर राख्यो । तर, एनआरएनले पनि केहि गर्न सकेन । माओवादीको सरकार आएपछि खुला विश्वविद्यालय पूर्वाधार विकास समिति बनायो । त्यो समितिले अलिकति जग्गा जमिन खोज्ने काम गरेको थियो । खुला विश्वविद्यालय विधेयक बनेपछि शिक्षा मन्त्रालयले राय-सुझाब दिन तीन वर्षअघि विश्वविद्यालय अनुदान आयोगलाई पठायो । आयोगले मेरै संयोजकत्वमा युवराज संग्रौला र एकजना आयोगको कर्मचारी राखेर समिति बनायो । काम गरेर विस्तृत रुपमा सुझाब दियौं । तर, अहिलेको ऐन हेर्दा कुनै सुझाब समेटिएन । भारतको इन्दिरा गान्धी राष्ट्रिय खुला विश्वविद्यालयको अध्यक्ष राष्ट्रपति छन्, हाम्रोमा कुलपति शिक्षामन्त्रीलाई तोकेको छ । नेपालका अन्य विश्वविद्यालयमा कुलपति प्रधानमन्त्री हुने ब्यवस्था रहेको छ । त्यसैले यसमा गम्भीर प्रश्न छ ।

खुला विश्वविद्यालयको स्थापना खर्चिलो छ । प्राविधिक 'इन्पुट' चाहियो, स्रोत केन्द्रहरु पूर्वाधारयुक्त हुनुपऱ्यो । त्यसैगरी प्राविधिक जनशक्ति पनि उत्पादन गर्नुपर्छ । सुरुमा बजेट धेरै विनियोजन हुनुपर्छ । सरकारको शिक्षामा लगानी घट्दो छ । अहिले ११ प्रतिशतमा झरेको छ । बजेट प्रशस्त भएन भने यो विश्वविद्यालय खुलाको खुला रहन्छ, पढ्न पाउने अवस्था हुँदैन ।

विश्वविद्यालय अनुदान आयोगको तथ्यांकले उच्च शिक्षामा जाने उमेर समूहका १८ प्रतिशत भर्ना भएको देखाएको छ । सरकारले सन् २०२२ सम्म नेपाललाई विकासोन्मुख मुलुकको दाँजोमा पुऱ्याउने प्रतिबद्धता जनाएको छ । विकासोन्मुख दाँजोमा पुऱ्याउन कम्तीमा दुईवटा मापदण्ड हुनुपर्छ, एउटा आर्थिक विकास दर ८ प्रतिशत र अर्को उच्च शिक्षामा जानेको संख्या कम्तीमा ३० प्रतिशत पुऱ्याउने । अब नेपाललाई विकासोन्मुखमा जान पनि उच्च शिक्षामा जानेको दर बढाउनुपर्नेछ । यसका लागि पनि सरकारले रणनीति बनाएर उच्च शिक्षामा संख्या बढाउन सक्नुपर्छ । त्यसका लागि खुला विश्वविद्यालय उपयुक्त छ ।

नेपालमा खुला विश्वविद्यालय स्थापना भएको पहिलोपटक हो । सबैभन्दा ठूलो चुनौती नेतृत्वको हुन्छ । यो विश्वविद्यालय पनि कुनै पार्टीको भागबण्डामा पर्न सक्छ । त्यसो भयो भने त्यो नै पहिलो प्रहार हुन्छ । दोस्रो, हामीले सबैभन्दा नवीनतम प्रविधि भित्र्याएनौ भने अरुसँग प्रतिस्पर्धा गर्न सक्दैनौ । हामीले चलाउने खुला विश्वविद्यालय सार्क राष्ट्रभित्र सञ्चालन गर्दा आएका चुनौतीको विश्लेषण नगरी कार्यक्रम बनायौं भने समस्या आउन सक्छ । नेपालमा दूरदराजमा प्रविधिको पहुँच पुऱ्याउन अप्ठ्यारो छ । इन्टरनेटको स्पिड गाउँमा पुऱ्याउन सकेनौ भने खुला विश्वविद्यालयबाट डिग्री लिन चाहनेको सपना चकनाचुर हुन्छ । तसर्थ, मुख्य चुनौती नेतृत्व र प्रविधिको हो । नेतृत्व छान्दा खुला विश्वविद्यालय बुझेको, अध्ययन अनुसन्धान गरेको होस् । नेतृत्वका लागि एउटा रोस्टर बनाइयोस्, खुला विश्वविद्यालयबारे कसरी विकास गर्न चाहन्छ रणनीति मागेर एउटा टिमले छानोस् । पार्टीको भागबण्डा नगरियोस् ।

(शिक्षाविद् वाग्ले काठमाडौं विश्वविद्यालयसँग आबद्ध छन्)

# अवैध रकम असुली गरी नेपालीको भिसा लगाउने दुई जापानी पक्राउ

❑ नेस संवाददाता

टोकियो – अबैधानिक रूपमा पैसा असुली गरी नेपालीहरूलाई भिसा लगाईदिने काम गर्दै आएको अभियोगमा दुईजना जापानी नागरिकलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा टोकियो मिनातो कुमा बस्ने ६९ बर्षीय सिरो साकुराइ र उनकी ४७ बर्षीया श्रीमती तोमोको रहेको जापानी टेलिभिजनहरूले जनाएका छन् ।

उनीहरूले नेपालीहरूलाई भाषा अनुबाद तथा बन्द भईसकेको रेष्टुरेन्टहरूको नामबाट भिषा लगाई कोरियन याकिनिकु रेष्टुरेन्ट तथा अन्य फरक स्थानहरूमा काम लगाउने गरेको प्रहरीले जनाएको छ । उनीहरूले एक जनाको भिसा नबीकरण गरिदिए बापत करीब ३० मान (३ लाख) येन लिने गरेको र हालसम्म ५ सय मान (५० लाख) येन भन्दा बढि कमाई गरिसकेको पनि समाचारमा उल्लेख छ ।

साकुराईले आफुमाथि लागेको आरोप स्वीकार गर्दै आम्दानी नभएकोले यस्तो काम गर्नुपरेको बताएका छन् भने उनकी श्रीमती तोमोकोले भने लगाईएको आरोप स्वीकार गरेकी छैनन् । पछिल्लो समयमा भिसा एक ठाउँको र काम अर्को असम्बन्धित ठाउँमा गर्ने नेपालीहरूको संख्यामा बृद्धि भईरहेको अवस्थामा यस किसिमको समाचारले नेपाली समाजमा पनि ठूलो तरंग ल्याउन सक्ने अनुमान गर्न सकिन्छ ।

# जापानमा कर्मचारीको मासिक तलब घटेर औसत २ लाख ६८ हजार येन

❑ नेस संवाददाता

टोकियो – जापानमा काम गर्ने कर्मचारीहरूको सरदर मासिक तलब ११ महिना पछि घटेर २ लाख ६७ हजार ९३३ येन पुगेको यहाँको श्रम तथा समाजकल्याण मन्त्रालयलाई उद्धृत गर्दै जिजी प्रेसले प्रकाशित गरेको छ । यसरी सरदर तलब घट्नुमा कुल कर्मचारीको संख्यामा पार्टटाइम कर्मचारीहरूको हिस्सा बढेको कारण रहेको बताईएको छ । जापानमा काम गर्ने कर्मचारीहरु मध्ये पार्टटाइम कर्मचारीको संख्या ० दशमलव १८ प्रतिशत बृद्धि भई ३० दशमलव १७ प्रतिशत पुगेको छ । पार्टटाइम कर्मचारीलाई उपलब्ध गराइने तलब फुलटाइम र स्थायी कर्मचारीको तुलनामा एक चौथाई मात्र हुने गरेको बताईएको छ ।

गत मे महिनाको तथ्याङ्क हेर्ने हो भने नियमित मासिक तलबमा सरदर ० दशमलव १ प्रतिशत कमी आई २ लाख ३९ हजार २१६ येन रहेको थियो भने बोनस लगायतका अतिरिक्त सुबिधामा पनि ४ दशमलव १ प्रतिशत कमी आई ९ हजार ७ सय २७ येन रहेको थियो । साथै, ओभरटाइम जस्ता अनियमित भुक्तानीमा भने ० दशमलव ६ प्रतिशत बृद्धि भई १८ हजार ९सय ९० येन रहेको समाचारमा उल्लेख छ ।

फुलटाइम कर्मचारीको मात्र सरदर तलब हेर्ने हो भने प्रति महिना ३ लाख ४२ हजार ५ सय ४७ येन रही अघिल्लो बर्षको जतिनै रहेको छ भने पार्टटाइम कर्मचारीको सरदर मासिक तलबमा ० दशमलव ५ प्रतिशत कमी आई सरदर ९४ हजार ९ सय १० येन रहेको पनि मन्त्रालय स्रोतले जनाएको छ ।

जापानमा स्थायी तथा नियमित कर्मचारी भन्दा अस्थायी कर्मचारीको हिस्सा बढ्दै गएको प्रति सर्बत्र चिन्ता र चासो बढ्दै गएको समाचारहरूमा पाइन्छ ।

# फर्जी बिवरणबाट अनलाईन सपिङ गरेको अभियोगमा चिनियाँ बिद्यार्थी पक्राउ

❑ नेस संवाददाता

टोकियो – जापानको प्रसिद्ध अनलाइन सपिङ साइट राकुतेनमा गैरकानुनी रूपमा प्रवेश गरी त्यसमा सदस्यको ब्यक्तिगत बिवरण अबैधानिक रूपमा प्रयोग गर्दै सो साइटबाट सामान किनमेल गरेको अभियोगमा प्रहरीले एक चिनियाँ महिला बिद्यार्थीलाई पक्राउ गरेको छ । उनले एक पसलबाट करीब ४ हजार ८ सय येन बराबरको सामान त्यसरी खरिद गरेको बुझिएको छ ।

गत मार्च महिनादेखि यता यसरी अर्काको नामबाट अबैधानिक रूपमा राकुतेन अनलाइनमा प्रबेश गरी सामान खरिद गरेका घटना ४० हजार भन्दा बढी जानकारीमा आएको प्रहरीले जनाएको छ । जसबाट करीब ९० लाख येन बराबरको सामान किनमेल गरिएको पनि समाचारमा जनाईएको छ ।

पक्राउ पर्नेमा टोकियो ताइतो कुमा बस्ने २४ बर्षीया चिनियाँ बिद्यार्थी जियाङ युआन दोङ रहेको बताईएको छ । उनले गत मे महिनामा राकुतेनका सदस्यको ब्यक्तिगत बिवरणको दुरूपयोग गरी करीब ४ हजार ८ सय येन बराबरको सनक्रिम लगायत ७ वटा बस्तुहरु खरिद गरेकी थिईन् । उनले अर्कै एकजना पुरूषले दिएको राकुतेन सदस्यको बार कोड प्रयोग गरी सामान खरिद गरेको बुझिएको छ ।

उनले यसरी नै २० वटा पसलबाट करीब १० लाख येन बराबरको सामान खरिद गरी उक्त पुरूषलाई बुझाएको प्रहरीको थप अनुसन्धानको क्रममा स्वीकार गरेको समाचारमा उल्लेख छ । यस किसिमको घटनामा चिनियाँहरु सांगठनिक रूपमै संलग्न भएको आशंका गर्दै प्रहरीले थप अनुसन्धान अघि बढाईरहेको बताईएको छ ।

CITY EXPRESS MONEY TRANSFER
SBI Remit
के नेपालमा पैसा पठाउँदै हुनुहुन्छ ?
FREE
सित्तैमा
पैसा पठाउन सकिने
पहिलोचोटी नेपाल पैसा पठाउँदा सित्तैमा
(पुराना ग्राहकहरूको हकमा २०१४ सेप्टेम्बर ३० तारिखसम्म हाम्रो सेवा लिनु भई त्यसपछि हाम्रो सेवा उपयोग नगर्नु भएका ग्राहकबर्गमा पनि यो सेवा लागू हुनेछ ।)
४ पटक नेपाल पैसा पठाएमा ५ औं पटक सित्तैमा
यो सेवा २०१५ मार्च ५ तारिखदेखि लागू हुनेछ
दरभाउ बुझ्नका लागि: 080-3842-9995 (Softbank)
सस्तो, छिटो, भरपर्दो र बिना झन्झटिलो माध्यमबाट नेपालमा पैसा पठाउनका लागि
CITY EXPRESS MONEY TRANSFER JAPAN Co. Ltd.
〒169-0073 Tokyo, Shinjuku-Ku, Hyakunin-Cho 2-10-9, Shin-Okubo Initial House 2F
Tel.: 03-5925-4121, Fax: 03-5925-4122
Email: japan@ctxpress.co.jp, Web: www.cityremit.com
नेपाली भाषामा विस्तृत जानकारीको लागि: 090-6452-8932 (SB), 080-4659-1860 (SB)

TOHO KHANBAN
साइनबोर्ड मूल्य सूची (डिजाइन, प्रिन्ट र डिस्प्ले प्यानल सहित)

पातलो विद्युतीय साइनबोर्ड ८ सेमी बाक्लो
पातलो विद्युतीय साइनबोर्ड (LED लाइट)
विद्युतीय साइनबोर्ड
विद्युतीय साइनबोर्ड (बल्ने-निभ्ने)
LED डिस्प्ले साइनबोर्ड
LED ग्रिप साइनबोर्ड
इकेबुकुरो स्टेशन पूर्वी ढोकाबाट ३ मिनेट पैदल
सम्पर्क
Toho Co., Ltd.
अफिस : ०८०-४२०८-७२५२, ०८०-४६१२-१८०८(SB)
जापानी भाषाको लागि : ०३-६८८३-८९८१
इमेल : 1937727546@qq.com
Our Professional Staffs is Waiting to Help You !
जापानभरी डेलिभरीको व्यवस्था पनि छ (डेलिभरी शुल्क लाग्ने छ)
Fujita Bldg. 5F, Higasi Ikebukuro 1-35-10 Toshima-Ku, Tokyo
आफ्नै कम्पनीको मौलिक उत्पादन, उच्च गुणस्तरीय LED साइनबोर्ड सर्वोत्कृट तथा दक्ष डिजाइनरद्धारा डिजाइन गरिने
सस्तो, कम बिजुली लाग्ने, धेरै टिक्ने, कम ताप दिने
नयाँ प्रविधियुक्त मेशिनद्धारा प्रिन्ट गरिने
प्रोफेशनल क्यामेराम्यानद्धारा रेष्टुरेन्टका खानाहरुको फोटो खिच्न सकिने
घाम तथा पानीले नबिगार्ने साइनबोर्ड
सबै प्रकारका प्रिन्टिङ्ग सेवाहरू रेष्टुरेन्टका लागि डिस्प्ले परिवर्तन, विद्युतीय साइनबोर्ड, पोष्टर, भिजिटिङ्ग कार्ड, X व्यानर स्ट्यान्ड, कटिङ्ग अक्षर, मेन्यु, चिरासी, मूल्य सूची आदि प्रिन्ट गरिन्छ ।
आफ्नै फ्याक्ट्रिमा बनाइने
✔ साइनबोर्ड फिटिङ्ग
✔ सबैभन्दा छिटो
✔ सबैभन्दा सस्तो
✔ अर्डर अनुसार तयार
✔ पानीले नभिज्ने, घाममा नपग्लिने
✔ अनुमानित खर्च नि:शुल्क उपलब्ध

# बाढी पहिरोका कारण ४७ को मृत्यु, १६ वेपत्ता

❑ नेस संवाददाता

काठमाडौं – दुई महिनामा बाढी पहिरोमा परि ४७ जनाको मृत्यु भएको सरकारले बताएको छ ।

व्यवस्थापिका संसदको बैठकमा विशेष समय लिएर बोल्दै गृहमन्त्री शक्ति बस्नेतले जेठ १ देखि असार २३ गतेसम्म देशका विभिन्न भागमा पहिरोका १ सय १२ घटना भएको जानकारी दिनुभएको हो । गृहमन्त्रीका अनुसार अहिलेसम्म मृतकको संख्या ४७ पुगेको छ भने १६ जना अझै हराइरहेका छन् ।

यस्तै ५७ जना घाइते भएका छन् । १ सय ३८ घर पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् भने १ सय ६० मा आंशिक क्षति भएका छन् । हालै ललितपुरको टौखेलमा पुष्पाञ्जली स्कुल सँगैको कम्पाण्डको पर्खाल भत्किएर कक्षाकोठामा अध्ययनरत दुई विद्यार्थीको पुरिएर निधन भएको र २१ जनाको सकुशल उद्धार गरिएको पनि मन्त्री बस्नेतले बताउनुभयो ।

बस्नेतले बाढी र पहिरोका कारण सिन्धुपाल्चोकमा भएको क्षतिबारे पनि जानकारी गराउनुभयो । भोटेकोशीमा आएको बाढीले ठूलो क्षति भएपनि सुरक्षाकर्मीले समयमै सचेतता अपनाएका कारण मानवीय क्षति नभएको जानकारी गराउनुभयो ।

उहाँका अनुसार अरनिको राजमार्गको ४ किलोमिटर सडक अवरूद्ध भएको छ । साथै सिन्धुपाल्चोकका प्रभावितहरूलाई अन्यत्र वा नजिकैको सुरक्षित स्थानमा सार्ने बताउनुभयो । पश्चिम तराईका बाढी पीडितको हकमा पनि सहरी विकास मन्त्रालयमार्फत पीडितलाई राहत उपलब्ध गराउने काम भइरहेको उहाँको भनाई थियो ।

नयाँ शक्ति नेपाल दर्ता प्रकृया

# तीन वटै निर्वाचनमा भाग लिने

❑ नेस संवाददाता

काठमाडौं – ९४ केन्द्रीय सदस्य सहित डा. बाबुराम भटराई नेतृत्वमा नयाँ शक्ति नेपाल नामको पार्टी निर्वाचन आयोगमा दर्ताका लागि निबेदन पेस गरेको छ । रामचन्द्र झा, रामकुमार शर्मा, हिसिला यमीलगायत नेतासहित निर्वाचन आयोग पुगेका डा. भट्टराईले नयाँ शक्ति नेपाल दर्ताका लागि आयोगमा निवेदन दिनुभएको हो ।

आयोगले नयाँ शक्तिको निवेदन दर्ता गरेको छ । आयोगका अनुसार पार्टी कति नम्बरमा दर्ता भयो भन्ने केही दिनमा थाहा हुनेछ । दर्ता भएका एक दर्जन भन्दा धेरै दलको दर्ता खारेजी भएकाले भट्टराईको दल कुन नम्बरमा दर्ता भयो भन्ने केही दिन भित्र थाहा हुने निर्वाचन आयोगका सहसचिव गिरबहादुर राईले बताउनुभयो ।

आयोगमा दल दर्ताको निवेदन दिएर बाहिरिने क्रममा संयोजक भट्टराईले आफ्नो दल लोकतान्त्रिक भएको स्पष्ट पार्दै तीन वटै निर्वाचनमा जाने जानकारी दिनुभयो । उहाँले निर्वाचनमा सबैभन्दा ठूलो दल बन्ने गृहकार्यमा लागेको समेत बताउनुभयो । नयाँ शक्ति नेपालले अबको निकास आर्थिक बिकास भन्ने नारा दिएर गत जेठ ३० गते दशरथ रंगशालामा एक भव्य कार्यक्रमको आयोजना गरी पार्टी घोषणा गरेको थियो । तत्कालिन एमाओवादी छाडेर डा. बाबुराम भट्टराईले नयाँ शक्ति नेपालको स्थापना गर्नुभएको हो ।

के तपाई नेपाल जाँदै हुनुहुन्छ?
त्यसो हो भने, बस्नका लागि होटल दि माउन्ट ताकाओ नै रोज्नुस् है
हाम्रा विशेषताहरु
✔ जापानी प्रविधिमा निर्मित टिभी, फ्रिज, एसी, एट्याच बाथरुम, हटपट,
✔ इन्टरकम भएका अत्यन्तै आरामदायी कोठाहरु
✔ आवश्यकताअनुसार एयरपोर्ट लिन र छोड्न जाने व्यवस्था ।
✔ अन्तर्राष्ट्रिय स्तरको रेष्टुरेन्ट तथा बारको व्यवस्था ।
✔ नि:शुल्क वाइफाइको व्यवस्था ।
✔ चौविसै घण्टा फ्रन्ट डेक्सको व्यवस्था ।
✔ ट्रेकिङ र टुरको लागि राम्रो व्यवस्था ।
✔ लन्ड्रीको व्यवस्था।
✔ चौविसै घण्टा तातो तथा चिसो पानीको व्यवस्था ।
✔ अनलाइन, टेलिफोन तथा फ्याक्सबाट पनि कोठा बुक गर्न सकिने
नेपालमै पहिलो पटक
गैह्र आवासीय नेपाली हरुका लागि
२० प्रतिशत छुट सहित
नि: शुल्क ब्रेकफास्ट ११
लामो समय जापानमा रहि जापानी भाषामा राम्रो ज्ञान हासिल गरेका व्यक्तिद्धारा संचालित
THE Mt. TAKAO HOTEL
HOTEL THE Mt. TAKAO
Daha-Marga, Bagdurbar-11, Sundhara, Kathmandu, Nepal
Email: info@hotelmttakao.com Tel/Fax: +977 1-4266127
Mobile: +977-9843324010, +977-9860035840
url: www.hotelmttakao.com
Japan Contact:
080
3081-5935
(Viber Also Available)

# सरकारले काबुल घटना छानविन गर्ने

❑ नेस संवाददाता

काठमाडौं – १३ जना नेपालीको ज्यान जारी गरी भएको काबुल आक्रमण सम्बन्धमा छानविन गर्न सरकारले एक टोली अफ्गानिस्तान पठाउने भएको छ । टोलीले त्यहाँ कार्यरत नेपालीहरूको अवस्थाबारे पनि रिपोर्ट तयार पार्नेछ ।

अफगानिस्तानको राजधानी काबुलमा केही समय अघि भएको आक्रमणमा १३ नेपालीको मृत्यु भएको थियो भने ६ जना घाइते भएका छन् । काबुलस्थित क्यानडा दूतावासको सुरक्षामा खटिएका नेपालीहरु चढेको बस तालिबानको आक्रमणमा परेको थियो । श्रममन्त्री दीपक बोहोराका अनुसार अबको केही दिनमा नै नेपाली टोली काबुल जानेछ । व्यवस्थापिका संसदमा विनियोजन विधयेक माथिको छलफलमा सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै श्रममन्त्री बोहोराले 'र्‍याक्ट फाइण्डिङ' टोली पठाउन लागेको बताउनुभयो ।

उहाँका अनुसार टोलीमा श्रम मन्त्रालयका अधिकारीहरूका साथै नेपाल प्रहरी र अध्यागमनका अधिकारीहरु पनि हुनेछन् । काबुल घटनापछि सरकारले अफगानिस्तानसहित चार देशमा कामदार पठाउन रोक लगाएको छ ।

तीन महिला उच्च पदमा

# कार्की प्रधानन्यायाधीशमा नियुक्त

❑ नेस संवाददाता

काठमाडौं – इतिहास रच्दै सर्वोच्च अदालतको पहिलो महिला प्रधानन्यायाधीश सुशीला कार्कीले औपचारिकरूपमा जिम्मेवारी सम्हाल्नु भएको छ ।

प्रधानन्यायाधीशका रूपमा उहाँले राष्ट्रपति विद्यादेवी भण्डारीबाट शपथ ग्रहण गर्नुभएको हो । सर्वोच्च अदालतको ६४ वर्षको इतिहासमा पहिलोपटक महिला प्रधानन्यायाधीश बन्न सफल सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश कार्कीलाइ गत चैत २८ गतेको संवैधानिक परिषद्को बैठकले भावी प्रधानन्यायाधीशमा सिफारिस गरेको थियो ।

व्यवस्थापिका-संसद्को संसदीय सुनुवाइ विशेष समितिले सो सिफारिस सर्वसम्मत अनुमोदन गरेको थियो । सो समिति गठन नहुँदा सुनुवाइमा ढिलाइ भएकाले उहाँले कामु प्रधानन्यायाधीशका रूपमा झण्डै तीन महिनादेखि जिम्मेवारी सम्हाल्नुभएको थियो ।

तत्कालीन प्रधानन्यायाधीश कल्याण श्रेष्ठको गत वैशाख १ गते उमेर हदका कारण अवकाश भएपछि वरिष्ठता, क्षमता र योग्यताका आधारमा कार्की प्रधानन्यायाधीश हुनुभएको हो ।

कार्कीको जन्म २००९ जेठ २५ गते शत्तरपुर-३ विराटनगरमा भएको हो । उहाँले प्रधानन्यायाधीशका रूपमा करिब ११ महिना कार्य गर्नुहुनेछ । उहाँले महेन्द्र मोरङ कलेज विराटनगरबाट २०२८ बिए र वनारस हिन्दू विश्वविद्यालयबाट राजनीतिशास्त्रमा २०३१ मा एमए गर्नुभएको छ । उहाँले २०३४ सालमा त्रिभुवन विश्वविद्यालयबाट कानुनमा स्नातक (बिएल) गरी कानुनी यात्रा सुरु गर्नुभयो । निडर स्वभाव र सरल जीवनशैली अपनाउने सुशीला न्याय क्षेत्रमा स्वच्छ छवियुक्त मानिनुहुन्छ । नेपालको संविधान जारी भएपछि पहिलोपटक तीन महिला उच्च पदमा पुग्न सफल हुनुभएको छ । राष्ट्रपति भण्डारी, प्रधानन्यायाधीश कार्की र सभामुख ओनसरी घर्तीलाई सो अवसर मिलेको छ ।

गाडि चाहिएमा सेवामा हाजिर छौं
For Moving & Shifting
कोठा सर्नु परेमा, अरू कुनै सामान सार्नुपरेमा, समुहमा वा स-परिवार कतै घुम्न जानको लागी गाडि चाहिएमा हामीलाई सम्झनुहोस् । सुपथ मूल्यमा सेवा उपलब्ध छ ।
नेपाली तथा इण्डियन रेष्टुरेन्टमा आवश्यक पर्ने खण्डे थाल, कटौरा, म:म पकाउने भाँडो, प्रेसरकुकर, करूवा लगायतका भाँडाकुडा पनि उपलब्ध छ ।
सम्पर्क: Asia Moving
090-9304-2626
For More Information :
www.asiahunter.com
(Contact Person : Masaki Kobayashi – नेपाली, हिन्दी र जापानी भाषामा पनि कुरा गर्न सकिने ।)

ठाउँ एक, सुविधा अनेक
भिसा फारम
आफन्तलाई जापान घुम्न बोलाउन, आफू तथा आफन्तको भिसा नवीकरण गर्न अमेरिका, बेलायत, अस्ट्रेलिया लगायतका देशमा जान भिसा फारम भर्न परेमा ।
ट्रान्सलेट
जापानी, अंग्रेजी, नेपाली भाषाका कागजातहरु ट्रान्सलेट गर्नु परेमा ।
मेनु चिरासी
रेष्टुरेन्टको मेनु, चिरासी तथा भिजिटिङ कार्ड डिजाइन तथा छपाउनु परेमा ।
आजै, सम्पर्क गर्नुहोस्
भौंतारिनै पर्दैन !!!
GMT International Co. Ltd.
Tel/Fax: 03-5937-5314 Mobile: 080-4150-5314
E-mail: samudraparinews@gmail.com

# कठै हाम्रो देशका बधशालामा किरा परेको मासु !

❑ नेस संवाददाता

काठमाडौं – काठमाडौं उपत्यकामा मासु पठाउने बधशालाले किरा परेको मासु बेचेको भेटिएको छ । सरकारी अनुगमन टोलीले सतुंगलमा गरेको अनुगमनका क्रममा किरा परेको भैंसीको मासु बजारमा पठाएको भेटिएको हो ।

आपूर्तिमन्त्री गणेशमान पुनसहितको टोलीले सतुंगलको मोजमिल बधशालामा अनुगमन गर्दा किरा परेको मासु प्याकिङ गरेको, मासु भण्डारण गर्ने ठाउँमा कुहिएको छालाको डंगुर राखेको, मासु काट्ने कामदारले सरसफाईमा ध्यान नदिएको भेटियो । बधशालामा भण्डारण गरिएको छाला कुहिएको र हड्डीमा किरा परेको समेत भेटियो ।

डुङडुङ गन्हाउने बधशालामा ढलको पानीले मासु पखालेको भेटियो भने लादी र मासु सँगसँगै राखेको देखेपछि सरकारी अनुगमनकर्ता जिल परेका थिए । बधशाला बाहिर घुँडाघुँडा आउने हिलोमा रोगी र थला परेका भैसी बाँधिएको थियो ।

आँखाबाट पिप आएका, चोटैचोट लागेका र रोगले थलिएका भैंसी काटेर मासु बेचेको भेटिएपछि उपभोक्ता स्वास्थ्यमा गम्भीर खेलवाड भएको पुष्टी भएको छ । 'यस्तो मासु खान त परै जाओस वरपर बस्नेहरूका लागि पनि निकै घातक हुन्छ' भेटनरी डाक्टर नारायण घिमिरेले भन्नुभयो, 'हामीले यसरी भेटेको यो पसल नमुना मात्र हो, बजारमा मासु पठाउने सबै पसल यस्तै छन, उपभोक्ताको स्वास्थ्यमा चरम लापरबाही देखियो ।'

स्याउँस्याउँती किरा परेको र फोहोरको डंगुरजस्तो मासु देखेपछि अनुमगनमा गएका केहिले वान्ता समेत गरेका थिए । अनुगमनमा गएका पत्रकार, प्रहरी र सरकारी कर्मचारीले मास्क लगाए पनि गन्ध आउन रोकिएन । अनुगमनमा भएका महानगरीय प्रहरी प्रभाग बल्खुका प्रहरी सहायक निरीक्षक देवबहादुर चन्दले बधशाला बाहिर वान्ता गर्नुभयो भने धेरै जनाले मुख विगारेका थिए ।

मोजमिल बधशाला तथा मासु पसलले तराजुमार्फत पनि उपभोक्ता ठगिएको भेटिएको छ । ३ वटा डिजिटल तराजु राखेको पसलले १० किलो मासुमा ४० ग्राम मासु कम दिएको पाइएपछि गुणस्तर तथा नापतौल विभागले ३ वटा तराजु जफत गरेको छ ।

## काठमाडौंमा कुकुर व्यवस्थापन गर्न कोठाको अभाव



❑ नेस संवाददाता

काठमाडौं – काठमाडौं महानगरपालिकाले सामुदायिक कुकुर व्यवस्थापनका लागि कोठा नपाएकाले समस्या भएको महानरपालिकाले जनाएको छ ।

हरेक दिन सामुदायिक कुकुरको संख्या वृद्धि भएको र त्यही अनुपातमा नै फोहोरमैला पनि वृद्धि भएकाले झण्डै चार महिनादेखि व्यवस्थापन अभियान सुरू भएको थियो । अभियानको पहिलो चरणमा सिंहदरबारमा रहेका एक सय २० मध्ये भाले र पोथी गरी ८० कुकुरको बन्ध्याकरण गरिएको काठमाडौं महानगरपालिका, जनस्वास्थ्य महाशाखा प्रमुख हरिकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

सिंहदरबारमा नै रहेका अन्य कुकुर विभिन्न रोगबाट ग्रसित रहेकाले उपचार गरेर छाडिएको छ । महानगरपालिकामा रहेका अन्य कुकुरको बन्ध्याकरण र उपचारका लागि पनि महाशाखाले काम अघि बढाइरहेको छ । महानगरपालिकाका ३५ वडामा झण्डै २२ हजार कुकुर रहेको तथ्यांक छ ।

## नेपालबाट चीनलाई दुई जोडी एकसिंगे गैंडा उपहार

❑ नेस संवाददाता

काठमाडौं – सरकारले चीनलाई दुई जोडी एक सिंगे गैंडा दिने भएको छ । मन्त्रिपरिषद बैठकले चीनलाई दुई जोडी गैंडा उपलब्ध गराउने निर्णय गरेको हो ।

यसैगरी बैठकले पूर्वमन्त्री माधव पौडेललाई कानुन आयोगको अध्यक्षमा नियुक्त गर्ने निर्णय रेको छ । पूर्व सचिवसमेत रहेका पौडेललाई कानुन आयोगको अध्यक्ष नियुक्त गरेको सरकारका प्रबक्ता समेत रहुनुभएका सूचना तथा सञ्चार मन्त्री शेरधन राईले जानकारी दिनुभयो ।

सरकारले नेपाली सेनाका १० सेनानीलाई महासेनानीमा बढुवा तथा पदस्थापन पनि गरेको छ भने इञ्जिनियर रमानन्द यादवलाई सचिवमा बढुवा गरेको छ ।

त्यसैगरी धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई विशीष्टीकृत सेवा प्रदान गर्ने गरी उपकरण खरिद गर्न आर्थिक सहयोग गर्ने निर्णय गरेको छ । बैठकले संघीय प्रदेशको मुख्य मन्त्री, मन्त्री र राज्यमन्त्रीको सेवा सुविधा निर्धारण गर्ने सम्बन्धमा सैद्धान्तिक सहमति जुटाएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

### महत्वपूर्ण टेलिफोन नम्बरहरु

नेपाली राजदूतावास टोकियो ........ फोनः ०३-३७१३-६२४१/४२
........ फ्याक्सः ०३-३७१९-०७३७
टोकियो क्षेत्रिय अध्यागमन ब्यूरो सिनागावा ........ ०३-५७९६-७१११
टेलिफोन नम्बर सोधपूछ ........ १०४
प्रहरी ........ ११०
एम्बुलेन्स र दमकल ........ ११९

सस्तो, छिटो, विश्वासिलो, राम्रो रेटमा
विना झन्झटिलो माध्यमबाट नेपाल पैसा पठाउनको लागि
RupeeSend
The No.1 Remittance Service for Nepal
हाम्रो सरल र विश्वसनीय सेवा जापानभरी उपलब्ध छ ।
समाजसेवाको साथै परिवारको भविश्य पनि
परिवारलाई पठाएको रकमले सामाजिक कार्य पनि हुने एक मात्र स्थान रुपिसेंट रेमिटेन्स सदैब रोज्ने गरौं ।
तपाईहरूसँग लिएको शुल्कको केहि प्रतिशतबाट टुहुरा बालबालिकालाई साक्षरता प्रदान गर्नेछौं ।
हाम्रा विशेषताहरू
सरल : एक पटक सदस्य भएपछि आजिवन प्रयोग गर्न सकिने ।
सस्तो : सेवा शुल्क, अन्यन्त सस्त र पहिलोचोटी सित्तैमा पैसा पठाउन सकिने ।
शुलभ : जापान र नेपालको जुनसुकै ठाउँबाट पनि पैसा जम्मा वा लिन सकिने ।
शिघ्र : जापानबाट रकम जम्मा गरेको केही समयमा नै पैसा नेपालमा प्राप्त गर्न सकिने ।
विश्वसनिय : जापान सरकारद्वारा मान्यता प्राप्त ००१८ नं. मा दर्ता भएको ।
RUPEESEND REMITANCE
株式会社シースクエア
〒160-0022
東京都新宿区新宿1-36-7, 新宿内野ビルII2階
Tel : 03-3359-0071 Fax: 03-3359-0029
E-mail : info@rupeesend.com
C-Square
नेपाली भाषामा विस्तृत जानकारीको लागि 080-4850-0071 (Softbank)
दरभाउ बुझ्नको लागी 080-3607-7744
Web: http://www.rupeesend.com

कोवायासी भिषा सर्भिस
KOBAYASHI VISA SERVICE
सस्तो सुलभ, छिटो सेवाका लागि हामीलाई सम्झनुहोस् ।
सेवाहरु (Services)
❖ भिषा नविकरण — लाग्ने खर्च : 9,800円
❖ स्थायी भिषा (एईज्यु) — लाग्ने खर्च : 35,000円
❖ भिषाको प्रकृति परिवर्तन — लाग्ने खर्च : 35,000円
❖ नयाँ भिषा सम्बन्धि काम — लाग्ने खर्च : 50,000円
❖ कम्पनी स्थापना — लाग्ने खर्च :आपसी सहमतीमा तय गरिने
Hironari Kobayashi
Immigration Lawyer
नेपाली, अंग्रेजी, हिन्दी, जापानी भाषामा कुरा गर्न सकिने ।
Contact for Details:
Tel : 03-6279-3353
Fax : 03-6908-5805
Mobile : 080-4186-2102 (Softbank)
Shinokubo Lions Mansion 409, 2-4-5
Hyakunincho, Shinjuku-ku,Tokyo, Japan
फोन गर्ने समय बिहान १० बजेदेखि बेलुकी ८ बजेसम्म ।

सुपथ मूल्यमा ल्यापटप कम्प्यूटर तपाईको घरदैलोमा

Macbook Pro — 50,000円
CPU: Core 2 Duo
Size: 13.3"
HDD: 250GB
RAM: 4GB
DVD Drive: Super Drive
Web Cam/Wifi: OK
OS: Mac OS

Toshiba — 50,000円
CPU: Intel Core i3 2.3
Size: 15.6"
HDD: 750GB
RAM: 4GB
DVD Drive: Super Multi
Web Cam/Wifi: OK
OS: Win 7 64Bit

Sony — 35,000円
CPU: Intel Core 2 Duo
Size: 15.6"
HDD: 320GB
RAM: 4GB
DVD Drive: Super Multi
Web Cam/Wifi: Yes
OS: Win 7 64Bit

Sony — 27,000円
CPU: Intel Cel 1.73
Size: 14.1"
HDD: 250GB
RAM: 2GB
DVD Drive: Super Drive
Web Cam/Wifi: OK
OS: Win 7

Fujitsu — 25,000円
CPU: Intel Core 2 Duo
Size: 14.1"
HDD: 320GB
RAM: 4GB
DVD Drive: Super Multi
Web Cam/Wifi: OK
OS: Win 7 64Bit

Lenovo — 35,000円
CPU: AMD Dual Core 2.0
Size: 15.6"
HDD: 320GB
RAM: 4GB
DVD Drive: Super Multi
Web Cam/Wifi: OK
OS: Win 7 64Bit

HP — 45,000円
CPU: AMD A8 Dual Core
Size: 15.6"
HDD: 1000GB
RAM: 8GB
DVD Drive: Super Multi
Web Cam/Wifi: OK
OS: Win 8 64Bit

Dell — 75,000円
CPU: Intel Core i7 1.7
Size: 17.3"
HDD: 750GB
RAM: 16GB
DVD Drive: Super Multi
Web Cam/Wifi: OK
OS: Win 7 64Bit

Macbook Air — 83,000円
CPU: Intel Core i5 1.8
Size: 13.3"
SSD: 128GB
RAM: 4GB
DVD Drive: NO
Web Cam/Wifi: OK
OS: Mac OS

Acer — 25,000円
CPU: Intel Core 2 Duo
Size: 14"
HDD: 320GB
RAM: 2GB
DVD Drive: Super Multi
Web Cam/Wifi: OK
OS: Win 7

Asus — 45,000円
CPU: Intel Cel Dual Core
Size: 15.6"
HDD: 500GB
RAM: 4GB
DVD Drive: Super Multi
Web Cam/Wifi: Yes
OS: Win 8.1 64Bit

Asus — 32,000円
CPU: Intel Cel Dual Core
Size: 15.6"
HDD: 400GB
RAM: 4GB
DVD Drive: Super Drive
Web Cam/Wifi: OK
OS: Win 7 64Bit

Acer — 15,000円
CPU: AMD Dual Core
Size: 11"
HDD: 320GB
RAM: 2GB
DVD Drive: No
Web Cam/Wifi: OK
OS: Win 7 64Bit *Japanese

Sony Desktop — 25,000円
CPU: Core 2 Duo
Size: 23.6"
HDD: 500GB
RAM: 4GB
DVD Drive: Super Multi
Web Cam/Wifi: OK
OS: Win 7 64Bit

Computer Memory — 3,000円
Company: Dell
RAM: 2GB/2GB=4GB
कम्प्यूटर मर्मतको लागि पनि हामीलाई सम्झनुहोस् ।

Note Book — 17,000円
CPU: Intel atom Core duo
Size: 10.1"
HDD: 250GB
RAM: 1GB
DVD Drive: No
Web Cam/Wifi: OK
OS: Win 7

GMT International Co. Ltd. सम्पर्कः 080-4150-5314 (SB)
डिपोजिटका लागिः 10120-51602201 (हुलाक खाता)

# राजनीति पेशा ...

तर हामीले परम्परागत तरिकालाई बदल्न पर्छ भनेर ९ महिनाको अवधिमा क्याम्पियन गरेर पार्टीको नीति कस्तो बन्नुपर्छ, संरचना कस्तो बन्नुपर्छ, नेता कार्यकर्ताको आचरण कस्तो हुनुपर्छ भन्ने समेत कुराहरु बिचार पुऱ्याएर मात्र घोषणा गऱ्यौं । हामीले पार्टी घोषणा गरेर सामूहिक सपथको ब्यबस्था पनि गऱ्यौं । पार्टी घोषणाको बेलासम्म आउँदा पार्टी घोषणाको चरम उत्कर्षमा थियो ।

त्यसपछि हामी पार्टीको आन्तरिक छलफलका कामतिर लाग्यौं त्यसैले पनि चहलपहल हराएजस्तो देखिएको हो । आन्तरिक छलफलमा प्राप्त भएका सुझावहरूलाई व्यबस्थापन गर्नेतिर लाग्यौ जसले केहि समय हामी त्यतातिर लाग्यौं । पार्टी घोषणा पनि भयो, भेला पनि भयो, आन्तरिक छलफल पनि भयो, तल्लो तहमा कसरी जाने भन्ने बारेको कार्ययोजना पनि बन्यो कार्ययोजना पनि कार्यान्वयन भयो र पार्टी घोषणा पछि दर्ता पनि गर्नुपर्छ भनेर आईतबार मात्र हामीले पार्टी दर्ता पनि गऱ्यौ । अब यी काम भैसकेपछि निरन्तर नयाँ शक्तिको चहलपहल हुन्छ ।

**वर्तमान सरकारको मूल्याङ्कन कसरी गरिरहनुभएको छ र सरकार परिवर्तन प्रति तपाईहरुको धारणा के हो ?**

खासगरी हामीले वैकल्पिक राजनीति गरिरहेकाले हामी कसैको पनि बिनाआधार आलोचना गर्दैनौं । भरसक हामी आलोचनामा समय खर्च गर्दैनौं । अहिलेको सरकार हेर्दा संबिधान जारी भयो कार्यान्वयन भएको छैन कार्यान्वयन गराउनलाई चुनौती छ, भूकम्पपछिको पूर्ननिर्माणको योजना थियो त्यो पनि सकेको छैन, अन्तर्राष्ट्रिय सम्बन्धका हिसाबले पनि यो सरकार सबभन्दा वढी बिबादमा परेको छ, महंगी, तस्करी र कालोबजारीका मामलामा पनि यो सरकारले संरक्षण गर्ने माहोल बनाएको छ । त्यैसैले यी सबै तथ्यहरूले नै यो सरकार असफल भन्ने त प्रष्ट नै छ । तर पनि हामी चाँहि यो सरकार ढाल्ने, सरकार बनाउने, गिराउने यो खेल चाँहि पुरानो खेल हो भन्ने ठान्छौ त्यसो हुनाले हामी त्यो पुरानो खेलमा नलागेको प्रष्ट पार्न चाहान्छु ।

**मधेशी मोर्चाको आन्दोलनलाई यहाँहरूले समर्थन गर्नुभो । मोर्चाको आन्दोलनको निकास के हुन सक्छ ?**

एउटा तथ्य बाहिर नआइरहेको के हो भने, यो संबिधान जारी हुने बेलामा असन्तुष्टिहरूलाई हामी संशोधन मार्फत टुंग्याउने भनेर जारी भएको थियो । संबिधान जारी गर्नुपूर्व नै संविधानप्रति असन्तुष्टि छन् भन्ने प्रष्ट थियो । मधेस असन्तुष्ट छ, जनजातीहरु, महिलाहरु मुस्लिमहरु असन्तुष्ट छन् भन्ने पहिल्यै थाहा थियो । पहिलो संविधानमा सहमती जुटेका बिभिन्न बुँदाहरु समावेश नगरी संबिधान जारी गरेकाले नै असन्तुष्टि आएका हुन् । त्यसको निकास चाँहि के हो भने पहिलो संविधान सभाको समितिले जे निर्णय गरेको थियो, जे का आधारमा संघीयता भनेको थियो त्यसका आधारमा संघीयता निर्माण गर्नेर शासकीय स्वरूपका बिषयमा पनि सहमती अनुसार गर्नुपर्छ । पहिलो संविधानसभामा निस्केका निश्कर्ष अनुसार संविधान संशोधन गर्ने हो भने निकास निस्कन्छ भन्ने हाम्रो ठहर हो । मोर्चाका जायज मागमा मात्र हाम्रो समर्थन हो । संबिधान सबैको स्वीकार्यतामा बन्नुपर्छ भन्ने हाम्रो पनि ठहर हो ।

**मुलुक बिकासका लागि नयाँ शक्तिका लक्ष्य र योजनाहरु के के छन् ?**

नेपाली राजनीति आर्थिक समृद्धिमा प्रवेश गरिसकेको छ त्यसैले यतिबेला राजनीतिक एजेण्डा आर्थिक समृद्धि नै हो भन्ने हामीलाई लाग्छ । आर्थिक समृद्धिको चरणलाई अगाडी बढाउँदा एउटा बेरोजगारी अन्त्य । बेरोजगारी अन्त्य गराउनका लागि देशभित्रको बजेट कार्यान्वयन गर्ने, बिदेशी लगानी आकर्षण गरेर ठूलो बिकास आयोजना गर्ने, बेरोजगारी अन्त्य गरेर मात्र पुग्दैन सुशासन ल्याउनुपर्छ जसका लागि भ्रष्टाचार मुख्य चुनौती हो । अन्य राजीतिक दलहरूले राजीतिलाई पेशा वनाए सेवा बनाउन सकेनन् राजनीतिलाई सेवा बनाउनुपर्छ भन्ने हाम्रो भनाइ हो । त्यसकारण हामी सबैभन्दा पहिला राजनीतिलाई सेवा बनाउनुपर्छ, दोस्रो पार्टीहरूलाई पारदर्शी बनाउनुपर्छ र तेस्रो पार्टीका सबै क्याडरलाई त्यै किसिमको निर्देशन दिन्छौ ।

**देशको बेरोजगार समस्यालाई निकारणका लागि नयाँ शक्तिले के गर्दै छ ?**

देशको आर्थिक ब्यबस्था बिदेशीकै भरमा निर्भर छ । अनुदान र सहयोग पनि पारदर्शी किसिमले भईराखेको छैन भ्रष्टाचार ब्याप्त छ । त्यसकारण पहिला सुशासन ल्याउनुपऱ्यो, भएको बजेट सम्पूर्ण खर्च हुने ब्यबस्था गर्नुपऱ्यो, विदेशी लगानी आकर्षण गर्नुपऱ्यो, जनताहरूलाई उद्यमशीलतातर्फ प्रेरित गर्नुपऱ्यो, आर्थिक उत्पादनमा जोड दिन पऱ्यो, यसो गरियो भने ठूला ठूला परियोजनाहरु सञ्चालन हुन्छन् जसले रोजगारीको सिर्जना गर्छ । यी सबै कुराहरु गरे लगभग ७ बर्षमा बेरोजगारीको समस्या कम हुँदै जान्छ ।

**तपाईहरूको नारा नै 'अबको निकास आर्थिक बिकास' भन्ने छ, देश कहिलेसम्म आर्थिक रूपमा सबल होला ?**

'अबको बिकास आर्थिक निकास' हाम्रो नारा 'समृद्धि सम्भव छ हाम्रै पालामा' भन्ने हाम्रो प्रतिबद्धता । हामीले योजना नै बनाएका छौं कम्तीमा ७ बर्षमा बेरोजगारी अन्त्य गर्ने, अर्को ७ बर्षमा यो मुलुकको आर्थिक अबस्थालाई बलियो बनाउने, त्यसपछि अर्को १० बर्षमा मुलुकलाई बिकसित मुलुककै हाराहारीमा पुऱ्याउनुपर्छ भन्ने स्पष्ट खाका छ ।

**नारा नै आर्थिक बिकास भएको पार्टीले पार्टीको खर्चमा पारदर्शी देखाएन भनिन्छ नि ?**

गरेन होईन, यसले चाहि पार्टी दर्ता नहुँदै पारदर्शीता गर्न थाल्यो । भेला गर्नुअघि र सकिएपछि पनि आय विवरण प्रस्तुत गऱ्यौं । हामी सबैभन्दा बढी पारदर्शी भयौं जुन पार्टी दर्ता हुनुअघि आवश्यक थिएन यसले चाँहि सकारात्मक प्रभाव पार्न थाल्यो, जसले गर्दा अन्य पार्टीहरु पारदर्शी हुन चाहान्न यसले प्रभाव पारेको हो । अर्को जुन बिज्ञापनको कुराले महङ्गो भयो भनिएको छ पक्कै पनि त्यो महङ्गो नै हो तर हामीले मिडियाका साथीहरूलाई आग्रह गऱ्यौं सहयोग माग्यौं उँहाहरूले हामीलाई सहयोग दिएर हामीले पेपर र मसीको खर्च मात्र तिरेर बिज्ञापन गऱ्यौं ।

**नयाँ शक्तिका संयोजक डा. बाबुराम भट्टराई त पहिला पनि देशको अर्थमन्त्री र प्रधानमन्त्री पनि बनिसक्नुभयो त्यो बेला खासै केहि भएन भनिन्छ नि, अब सत्तामा पुग्दा केहि हुन्छ त ?**

नेपालको राजनीतिमा एउटै मात्र भूतपूर्व प्रधानमन्त्री जसमा आशा देखेका ब्यक्ति नै डा. भट्टराई हुनुहुन्छ । एउटै मात्र प्रधानमन्त्री जसले आफ्नो पालामा काठमाडौंमा देखिनेगरी सडक विस्तार अभियानलाई बिना बजेट थाल्नुभो, दोस्रो अर्थमन्त्री रहँदा युवा स्वरोजगार कार्यक्रम यी २ वटा कार्यक्रमले गर्दा उहाँप्रति जनताको विश्वास छ त्यसैले उहाँ नयाँ शक्तिको मात्र होईन राष्ट्रको भलो चाहने नेता हुनुहुन्छ भन्ने जनताले बुझेका छन् ।

**आम नेपालीहरूले नयाँ शक्तिको सदस्य किन बन्ने ?**

राजनीति पेशा होईन, सेवा हो भन्ने नारा नयाँ शक्तिले मात्र बोक्यो, आजसम्मका पार्टीहरु भ्रष्टाचारका केन्द्र बने र नयाँ शक्ति पारदर्शी हुँदै भ्रष्टाचार बिरूद्धको अभियान चाहने र अर्को चाहि बेरोजगारी समस्यालाई निराकरण गर्न चाहने जो कोहि पनि सदस्य बन्न सक्नुहुनेछ ।

**तपाईहरूको पार्टी सत्तामा पुग्न लगभग कति समय लाग्ला त ?**

देश आर्थिक गतिमा अगाडी बढिरहेका बेला र एक मात्र पार्टी नयाँ शक्तिको मुख्य लक्ष्य नै देशलाई समृद्धि बनाउने भएकाले जनताको जीवन बदल्ने र जनताको हितमा काम गर्ने ठहरिएकाले मलाई लाग्छ अब आउँदो चुनाबमै नयाँ शक्ति सत्तामा पुग्छ भन्ने हाम्रो बिचार हो ।

**विदेशमा संगठन विस्तारका काम कसरी भइरहेको छ ?**

हामीले पार्टी घोषणा गर्ने दिनसम्म बिदेशमा २४ वटा मुलुकमा विभागहरु घोषणा गरिसकेका छौं । त्यति मात्र नभई अन्तर्राष्ट्रिय विभाग बनाएका छौं । अर्को चाहि विदेशमा रहेका नेपालीहरूलाई संगठित गर्नका लागि प्रवास शाखा पनि बनाएका छौं । त्यसकारण यसलाई ब्यबस्थित ढंगले अगाडि बढाउने सोचमा छौं ।

**तपाईहरूको विदेश नीति चाहिँ कस्तो हुन्छ ?**

आजसम्मका राजनीतिक दलहरूले खासगरी बिदेश नीति भनेर मात्र भारत र चीनको बीचमा अबस्थित मुलुक भएको हुनाले एउटाका बिरूद्ध अर्कालाई प्रयोग गर्ने र त्यहि ढंगलाई कूटनीति भनियो जुन प्रायः असफल भयो जसका कारण नेपाल पछि पनि पऱ्यो । नयाँ शक्तिको उद्देश्य चाहि दुबै उदयमान अर्थतन्त्र भएका मुलुकहरूबाट फाईदा लिने किसिमले काम गर्दै खुल्ला र पारदर्शी नीति बनाउने छौं ।

**जापानमा संगठन विस्तारको काम कसरी भइरहेको छ ?**

जापानमा पनि हाम्रो शाखा छ । साथीहरूले निरन्तर खटेर काम गरिरहनुभएको छ । त्यहाँबाट पनि हाम्रो घोषणा सभामा प्रतिनिधि आउनुभएको थियो । समग्रमा भन्नुपर्दा अन्यत्र जस्तै जापानमा बस्ने नेपालीहरूमा पनि नयाँ शक्तिको प्रभाव राम्रो छ ।

**एनआरएनलाई नेपालमै लगानी गराउन र विदेशी लगानी भित्र्याउन तपाईहरूको पहल कस्तो हुन्छ ?**

बिदेशी लगानी भित्र्याउनु आवश्यक छ । एनआरएन जो आफै नेपालीहरु हुन् बिदेशमा गएर आर्जन गरेका छन्, त्यो लगानीलाई आकर्षण बनाएर स्वदेश भित्र्याउने र जो बिदेशी लगानीमा नियमित रूपमा चलेका छन् यी दुबैको लगानी नेपाल भित्र्याउन नयाँ शक्ति अग्रसर हुन्छ ।

**नयाँ शक्तिमा नायिका करिश्माको प्रस्तुतिले निकै चर्चा पायो ? त्यो चर्चाले पार्टीलाई थप उचाई दियो कि पार्टीको गरिमा घटायो ?**

नायिका करिश्मा मानन्धरको प्रस्तुती प्रतिको लगाव, आकर्षण, प्रतिबद्धता जुन ढंगले भयो त्यसले त नयाँ शक्तिलाई थप उचाई मै पुऱ्याएको छ नि । जहाँसम्म यहाँले रंगशालाको घोषणा सभाको कुरा गर्नुभो । एउटा राजनीतिक कार्यक्रम सञ्चालन नगरेका जो कोहीलाई पनि त्यस्ता कार्यक्रम चलाउँदा गाह्रो हुनु स्वभाविक हो । केही कमजारी त अवश्य नै थिए तर प्रयास नै ठुलो कुरा हो । उहाँले पछि पनि भन्नुभो, मेरो पहिलो कार्यक्रम हो, केहि कमजोरी भएको भए माफी पाउँ भनेर ।

**अन्त्यमा केही ?**

नेपाली समाज अहिले आर्थिक समृद्धिको चरणमा प्रवेश गरिसकेको अबस्था छ । यसलाई अन्य दलले आत्मसाथ गर्न नसकिरहेका बेला नयाँ शक्तिले नयाँ सोचका साथ आत्मसाथ गर्दै आएको छ । आगामी दिनमा पनि यसलाई साथ दिंदै जानुहोला पक्कै पनि समृद्धि सम्भव हुनेछ हाम्रै पालामा ।

## ネパール語と日本語を学びましょう - 134
## (नेपाली र जापानी भाषा सिकौं)

| 日本語 (जापानी शब्द) | 日本語の発音 (जापानी उच्चारण) | ネパール語の発音 (नेपाली उच्चारण) | |
|---|---|---|---|
| 文字 | मोजी | अक्षर | アクチャル |
| 単語 | तान्गो | शब्द | サブダ |
| 文書 | बुन्स्यो | वाक्य | ワッキャ |
| 段落 | दानराकु | अनुच्छेद | アヌッチェダ |
| 項 | कोउ | परिच्छेद | パリッチェダ |
| 頁 | पे-जी | पाना | パナ |
| 章 | स्योउ | अध्याय | アデャヤ |
| 題名 | दाइमेइ | शिर्षक | シルサク |
| 目次 | मोकुजी | तालिका | タリカ |
| 論文 | रोन्बुन | थेसिस/रिपोर्ट | テシス/リポート |
| 教科書 | क्योखास्यो | पाठ्य पुस्तक | パッテャ・プスタク |
| 表紙 | ह्योसी | आवरण | アワラン |
| 著者 | च्योस्या | लेखक | レカク |
| 著作権 | च्योसाकुकेन | प्रतिलिपी अधिकार | プラティリピ・アディカル |

WORK FOR MEN
IN SAITAMA
1250/H +25% Extra Time
50% Extra Time At Night
Speaking Japanese Not Necessary
We Provide Accomodation and Transport
ONLY TO THE LOCALS
INFORMATION CALL
090-6007-4511 (Mr. GURUNG)
080-1259-0903 (KANAYAMA)
PROFIT SERVICE
supporting mind

# बिना भिसाका ...

अध्यागमन बिभागका अनुसार गत जनवरी १ तारिखमा जापानमा ओभर-स्टे बिदेशीको संख्या करिब ६३ हजार जना रहेको छ । जसमध्ये सबै भन्दा बढि कोरियनहरु करिब १३ हजार जना रहेको बताईएको छ भने त्यसपश्चात चिनियाँ, थाई, फिलिपिनी, भियतनामी, ताइवानी र इण्डोनेशियालीहरु रहेको बताईएको छ । यस मध्ये भियतनाम बाहेक ताईवानी दूतावासको काम गर्ने जापान स्थित ताइपेइ आर्थिक तथा साँस्कृतिक केन्द्र तथा अन्य देशका दूतावासलाई अध्यागमनले आफ्नो नागरिक फिर्ता गर्न अनुरोध गरेको हो ।

जापान सरकारले ओभर स्टेको संख्यामा न्युनिकरण गर्नका लागि सन् २००४ देखि ओभर-स्टेलाई स्वेच्छिक रूपमा देश फर्कन दिने कानुन लागु गरेको हो । यसरी स्वतःस्फुर्त रूपमा फिर्ता गएमा साधारणतया ५ बर्षपछि पुनः जापान प्रबेश गर्न नपाउने अवधिलाई १ बर्षमा झारेको पनि समाचारमा जनाईएको छ । जापानमा ओभर-स्टेको संख्या सबैभन्दा बढि सन् १९९३ मा २ लाख ९८ हजार ६ सय जना रहेकोमा सो संख्या घट्दै गएको थियो । गत २ बर्षदेखि पुनः सो संख्यामा बृद्धि हुँदै गएको तथ्याङ्कले देखाएको छ । यसो हुनुमा एशियाली मुलुकका नागरिकहरूलाई जापान प्रबेशलाई सहज बनाईनु र प्रशिक्षार्थी कामदारको रूपमा आएका बिदेशीहरूले कार्यस्थलको प्रतिकुल बातावरणका कारण भाग्ने गर्नु रहेको अनुमान गरिएको छ । अध्यागमन बिभागले यस्ता गैरकानुनी रूपमा ओभर-स्टे बस्नेहरूप्रति कडा नीति लिने जनाएको छ । साथै बिशेष गरी बिदेशी कामदारहरु रहेका कम्पनीहरूलाई कामदारको रेसिडेन्ट कार्डमा उल्लेख गरिएको काम गर्ने अनुमती कडा रूपमा चेक गरी सोही अनुसार लागु गर्न पनि निर्देशन दिएको बुझिएको छ ।

# डा. केसीको ...

डा. केसीले सबै प्रदेशमा कम्तीमा एउटा सरकारी मेडिकल कलेज पुऱ्याउने, काठमाडौं उपत्यकामा आउँदा १० वर्षसम्म मेडिकल, डेन्टल र नर्सिङमा नयाँ सम्बन्धन नदिने र मनशायपत्र पाएकाको नवीकरण नगर्ने, आगामी शैक्षिकसत्रदेखि केन्द्रीय परीक्षा लिने व्यवस्था गर्ने र त्यसका लागि हाल परीक्षा लिइरहेकासँग सहकार्य गर्नुपर्ने माग राख्नुभएको छ ।

अधिकतम शुल्क र सिट यो वर्ष नेपाल मेडिकल काउन्सिलले शिक्षा मन्त्रालय र विश्वविद्यालयले गरे झैं हुने व्यवस्था गर्ने, माथेमा प्रतिवेदन विपरित हाल काठमाडौंमा खोल्ने भनेर प्रस्तावित प्रतिष्ठानसम्बन्धी हाल संसदमा रहेको विचाराधिन विधेयक तत्काल फिर्ता हुनुपर्ने र विगतमा भएका सम्झौता पालना गर्नुपर्ने माग राख्नुभएको छ । अनसनको पक्ष र विपक्षमा रहेकाहरूबीच शिक्षण अस्पताल परिसरमा तनावको स्थिति सिर्जना भएको थियो । दुबै पक्षले एकअर्काको विरोधमा नाराबाजी गरेका थिए ।

गणेशमान सिंह भवन परिसरको बालरोग ओपिडी नजिकै चर्को नाराबाजी र होहल्ला भएपछि विरामीहरूलाई सास्ती भएको थियो । अनसनको विरोधमा नाराबाजी गर्नेहरु अधिकांश महिलाहरु छन् ।

'अस्पताल बचाऔं समूह'को ब्यानरमा डा. केसीको विपक्षमा रहेकाहरूको समूह पनि छ । त्यसको नेतृत्व डा. रामकुमार अधिकारीले गर्नुभएको छ । उहाँले केसीका मागप्रति समर्थन रहे पनि अस्पताल परिसरमा अनसन बस्न नपाइने बताउनुभयो । 'अस्पताल परिसरमा अनसन बस्न पाइँदैन भनेर फैसला गरेको छ । त्यसैले कानुन मान्दिन भन्न पाइँदैन,' डा. अधिकारीले भन्नुभयो, 'अस्पताल परिसरमा अनसन बसेकोमा हाम्रो आपत्ती हो ।'

उहाँले अस्पताल परिसरबाट अनसन बस्न नछाडेसम्म विरोध जारी रहने पनि बताउनुभयो । डा. केसीले अनसन सुरू गर्नुअघि आफ्ना सहयोगी डा. जीबन क्षेत्रीलाई प्रधानमन्त्री केपी ओलीसँग वार्ता गर्न प्रधानमन्त्री कार्यालयमा पठाउनुभएको थियो । प्रधानमन्त्री ओलीले माग सम्बोधनका लागि आफूले पहल गरिरहेको भन्दै अनसन नबस्न आग्रह गर्नुभएको थियो । अनसन सुरू गर्नुअघि पत्रकारमाझ डा. केसीले माफियाहरूले व्यापारिक प्रयोजनका निम्ति अनसनको विरोध गरिरहेको आरोप लगाउनुभएको थियो । पत्रकार सम्मेलनमा डा. केसीले नागरिकका लागि आफूले यो अनसन गरेको भन्दै आफ्ना माग पूरा नभएसम्म अनसन नतोड्ने बताउनुभएको छ ।

# पोर्चुगललाई पहिलो पटक युरोकपको उपाधि

❑ नेस संवाददाता

काठमाडौं - आयोजक फ्रान्सलाई १-० गोल अन्तरले हराउँदै पोर्चुगलले पहिलोपटक युरोपियन च्याम्पियनसिप (युरोकप) को उपाधि जितेको छ ।

पेरिसस्थित फ्रान्सको राष्ट्रिय रङ्गशालामा गएराति सम्पन्न फाइनल खेलमा पोर्चुगलका एडेरले १०९ मिनेटमा गोल गरे । अन्ततः त्यही एक मात्र गोल नै निर्णायक बन्यो । यसअघि आफ्ना कप्तान क्रिष्टियानो रोनाल्डोलाई चोटका कारण खेलको २५ औं मिनेटमा गुमाएपछि पोर्चुगल केही दबाबमा आएको थियो । तर अतिरिक्त खेलाडीको रूपमा मैदानमा आएका एडेरले त्यो अभाव खड्किन दिएनन् र गोल गर्दै आफ्नो टोलीलाई जिताए ।

निर्धारित ९० मिनेटको खेलमा गोलरहित बराबरीमा सकिएपछि खेल अतिरिक्त समयमा गएको थियो । खेल अवधिभर दुवै टोलीमा खेलाडीले केही गोलका प्रयास गरे पनि सफल भने भएनन् । त्यसमा पनि घरेलु टोली फ्रान्सले बनाएका केही सुन्दर मौकालाई पोर्चुगाली गोलकिपर रूइ पेट्रिसियोले सफल हुन दिएनन् ।

प्रतियोगितामा पोर्चुगल समूह चरणमा एउटा पनि खेल नजिती तेस्रो स्थानमा रहेको उत्कृष्ट टोलीका रूपमा नकआउट चरणमा पुगेको थियो । त्यसपछि सुधार गरेको उसले पहिलो ठूलो अन्तर्राष्ट्रिय उपाधि जितेको छ ।

यसअघि सन् २००४ मा घरमै भएको प्रतियोगितामा पोर्चुगलले ग्रिसलाई नतिजा सुम्पिएको थियो । त्यस्तै पोर्चुगल विश्वकपमा सेमिफाइनलभन्दा माथि पुग्न सकेको छैन ।

# बंगलादेशसँगको मैत्रीपूर्ण फुटबल रद्द

❑ नेस संवाददाता

काठमाडौं - बंगलादेशसँग असार ३१ गते र साउन २ गते हुने भनिएको मैत्रीपूर्ण फुटबल रद्ध भएको छ । बंगलादेशको फुटबल संघले अखिल नेपाल फुटबल संघ एन्फालाई पत्र पठाउँदै विशेष परिस्थितिका कारण खेल रद्द गरेको जानकारी दिएको हो ।

बंगलादेश फुटबल संघले पठाएको पत्रमा लेखिएको छ 'वर्तमान स्थितिमा मैत्रीपूर्ण फुटबल आयोजना गर्न हामी असमर्थ छौं ।' बंगलादेशले एक महिनापछि मैत्रीपूर्ण खेल हुन सक्ने संकेत पनि गरेको अखिल नेपाल फुटबल संघ एन्फाले जनाएको छ ।

असार ३१ गते र साउन २ गते हुने भनिएको मैत्रीपूर्ण खेलका लागि नेपालले तयारी गरि टिमसमेत घोषणा गरेको थियो । सुरक्षाका कारण खेल स्थगित भएको हो । बंगलादेशमा गएको हप्ता इस्लामिक स्टेट आइएसका लडाकुले बम विस्फोट गराएका थिए ।

# पत्रकार सूर्यकुमार क्षेत्री अन्तर मिडिया कप साउनमा हुने

❑ नेस संवाददाता

काठमाडौं - स्व. पत्रकार सूर्यकुमार क्षेत्री प्रथम राष्ट्रिय अन्तर मिडिया कप २०७३ प्रतियोगिता हुने भएको छ ।

गोलपोष्ट स्पोर्ट्स एण्ड ट्रेनिङ सेन्टर भैंसेपाटीले हालै पत्रकार सम्मेलन गरी प्रतियोगिता आयोजना तयारीबारे जानकारी दिएको हो । सेन्टरका प्रबन्ध निर्देशक केशव थापाका अनुसार प्रतियोगिता साउन १० देखि फुटसल मैदान भैंसेपाटीमा हुने छ । पत्रकार क्षेत्रीका छोराको पढाइका लागि सहयोगार्थ प्रतियोगिता आयोजना गरिएको थापाले बताउनुभयो ।

'खेल क्षेत्रको विकाससँगै पत्रकार क्षेत्रीका छोराको उज्जवल भविष्यका लागि थोरै भए पनि सहयोग हुन्छ भनेर प्रतियोगिता आयोजना गर्न लागिएको हो,' थापाले पत्रकार सम्मेलनमा भन्नुभयो । प्रतियोगितामा प्रथम हुने टिमले २५ हजार, दोस्रो हुनेले १५ र तेस्रो हुने टिमले १० हजार रूपैयाँ नगद पुरस्कार पाउने आयोजकले जनाएको छ ।


# 20 जना कामदारको आवश्यकता

**तरकारी, सलाद, फलफूल, बेन्तोउ, रामेन लगायत**
**खाद्यपदार्थ उत्पादन कम्पनीहरुमा काम उपलव्ध छ ।**

**खानागावा केन**
(सागामिहारा, हासीमोतो, हाचिओउजि, एविना माचिदा वरपर बस्नु हुने हरुको लागि)
दिवा सिफ्ट — घण्टाको 1000 येन

**चिवा केन**
(फुनावासी, चुदानुमा, खाचुतादाई वरपर बस्नुहुने हरुको लागि)
दिवा सिफ्ट — घण्टाको 900 येन

正社員(通訳・翻訳)も募集しています。

- ✔ धेरै जना नेपालीहरुले काम गर्दै हुनुहुन्छ ।
- ✔ हप्ताको २-३ दिनको काम पनि OK !
- ✔ स्टुडेन्ड, डिपेन्डेन्ट भिषा भएकाहरुलाई विशेष ग्राह्यता दिइनेछ ।
- ✔ एइज्यु, तेइज्यु भिषा भएकाले हप्तामा 5-6 दिन काम गर्न सक्नेछन् ।
- ✔ ठाउँ र अवस्था अनुसार यातायात खर्च उपलव्ध गराइनेछ ।
- ✔ कम्पनीसम्म बसको पनि व्यवस्था छ ।

**आइचि केन**
(नागोया एकीबाट ट्रेनमा 30-40 मिनेट लाग्ने ठाउँमा)
रात्री सिफ्ट — घण्टाको 1125 येन | दिवा सिफ्ट — घण्टाको 900 येन

**टोकियो तथा साइतामा**
(ताचिखावा, खावागोए वरपर बस्नुहुने हरुको लागि)
रात्री सिफ्ट — घण्टाको 1100 येन | दिवा सिफ्ट — घण्टाको 900 येन

**सर्बप्रथम फोन गर्नुहोस्**
जापानी भाषा नजान्नेका लागि नेपाली कर्मचारीहरुद्वारा सहयोग गर्ने व्यवस्था गरिएको छ ।

नोट : कृपया शरणार्थी आवेदन दिएकाहरूले सम्पर्क नगर्नुहोला ।

K LINE K·LINE GROUP
Homepage: www.k–linegroup.co.jp

सम्पर्क
निराजन : 080-5433-9651 रमिला : 070-2189-4244
शाह : 080-5872-6983 (Viber & Line also Avilable)
日本語の場合は佐藤まで 080-5872-6984
K-line Primeira

# हराउँदै छ चिठीपत्रको चलन

## लैजा चरि हावासरी...

❑ तिलक मल्ल

कुनै एक जमाना थियो, छिमेकभरिका चिठीपत्र पढिदिने र ती सबैको जबाफ लेखिदिनुपर्ने अघोषित जिम्मेवारी थियो म मा । लाहुर खान गएका छिमेकका लाहुरेहरूको कम्तिमा पनि महिनामा एउटा चिठी आउँथ्यो भने त्यसको जबाफ अनिवार्य लेखेर पठाउनुपर्थ्यो । लेखेर मात्र कहाँ सुख पाईन्नथ्यो र ? स्कुल जाँदा बाटामा पर्ने हुलाकमै पुगेर टिकट टाँसेर खसालिदिनुपर्थ्यो ।

लाहुरको बिरानो बस्तीबाट अत्यारले भरिएका खास फुर्सद नै निकालेर छाँट छन्दमा लेखेर पठाईएका पत्रहरु हल्का भाका मिलाएर बुझिने गरी सरल भाषामा पढेर सुनाउनुपर्थ्यो भने त्यसैगरी ब्यहोरा पुऱ्याएर निकै बान्की मिलाएर चित्तबुझ्दो तरिकाले पत्र लेखिदिनुपर्थ्यो । यो मामिलामा म खप्पिस नै कहिलिएको थिएँ छिमेकमा त्यतिबेला । लेख्ने मान्छे अरू नभएर त कहाँ हो र ? तर किन हो कुन्नि म नै सबैको रोजाईमा पर्दथें, शायद मेरो लेखनीमा केही मौलिकपन भएरैहोला । हुन पनि मान्छेहरूले छरपष्ट गरेर बोलेका भावनालाई टपक्कै टिपेर सलल्ल बगेको भाषामा कागजमा उतार्ने काम त्यति सजिलो छैन, यदि हुन्थ्यो भने सबै लेख्न अघि सर्थे, आज धेरै भन्दा धेरै लेखकहरु हुन्थेहोलान् यो दुनियाँमा । भुँईभरि पोखिएको तोरी सियोको टुप्पोले टिपेर माला उनेजस्तै हो अरूको मनको कुरो बुझेर पत्र लेखिदिनु भनेको, यसका लागि खास कला र सुक्ष्म एवं शितल मुड चाहिन्छ । अर्कोतिर नेपाली भाषामा लिखितरूपमा मनको कुरा ओकल्न साँच्चिकै गाह्रो कुरो हो । भाषा, ब्याकरण, शुद्धाशुद्धीको कुरो एक ठाउँमा छ, प्रसंग अनुसारको मिठास र भावभंगीको समिकरण जम्न सकेन भने जस्तोसुकै लिखत पनि फगतको चिर्कोट मात्र बन्न पुग्छ ।

कुनै एउटा भब्य कार्यक्रम आयोजना गरिएझैं चिठी लेख्ने कार्यक्रमको अग्रिम तिथि तय गरिन्थ्यो, मैले सरल र राम्रो भाषाशैली सोचेर जान्थे । बाबुले छोरालाई लेख्ने हो भने सोहीअनुसारको, दाजुले भाइलाई हो भने सोहीअनुसारको र श्रीमतीले श्रीमानलाई हो भने अलि मिहिनेत गरेर मायाप्रीति झल्कने खालको भाषा र शैली प्रयोग गरेर चिठी लेखिदिन्थे । उनीहरूलाई यसरी नै सन्तुष्ट बनाउनु मैले आफ्नो परम कर्त्तब्य सम्झन्थे । बापतमा मैले केही अपेक्षा गर्नेथिईनँ, मात्रै आफुले जानेको दक्षता उपयोग गर्न पाएकोमा खुशीले फुरूक्क हुन्थे । यो क्रम ५, ६ कक्षा पढ्ने बेलादेखि हाईस्कुलसम्मै रह्यो । हुँदाहुँदा गाउँघरमा आर्थिक लेनदेनमा गरिने तमसुक, कसैको झैंझगडा पऱ्यो भने मिलापत्र, भाइभाइ बिचको अंशबन्दा पत्र, कुनै दुईपक्षबीच सहमति गर्नुपऱ्यो भने समझदारी पत्र जस्ता लेख्नका लागि पनि मेरो खोजी हुन्थ्यो । मैले बिधि पुऱ्याएर नेपाली कागजमा लेखिदिन्थे अनि सरोकारवलाहरूलाई कालो मोसोको ल्याप्चे लगाउन लगाई हस्ताक्षर पनि गर्न लगाउँथे । यी सबै गर्न मलाई स्कुलका गुरूहरूले सिकाएको भने होइन, न त तमसुक, चिठीपत्र कसरी लेख्ने भन्ने पाठ्यपुस्तकमा नै समाविष्ट थिए । कसैबाट प्रभावित भएपछि औपचारिक शिक्षाभन्दा धेरै परको कुरा पनि जीवनमा सिकिदोंरहेछ, जानिदों रहेछ ।

त्यतिबेलाका रमाईला प्रसंग अरू पनि छन् समकालिन साथीहरु आफ्ना प्रेमिकालाई पठाउने प्रेमपत्र (लभलेटर) पनि मलाई नै लेखाउँथे । के भनेर लेखौं भनेर सोध्दा उनीहरूलाई केही आईडिया हुन्थेन, सबै मलाई नै जिम्मा लगाउँथे, उनीहरूसंग थोरै कुराकानी गरेपछि उनीहरूको भावना बुझिहाल्थें, त्यसलाई चिठीमा सर्लक्क उतारिदिन्थे अनि पढेर सुनाउँदा खुशीले तीन बित्ता उफ्रन्थे । ती साथीहरूलाई भेट्दा अहिले पनि हाँसो लाग्छ । ती मध्य कतिपय मैले लेखिदिएको प्रेमपत्रले घरजमसम्म जोड्न सफल भएकाहरु पनि छन् । कहिलेकाँही लाग्छ, चिठीपत्रबाट शुरू भएको लेखनी यात्राले नै मलाई कालान्तरमा पत्रकारितातिर धकेलेको हुनुपर्दछ । चाहे जो सुकैका हुन् चिठीपत्र च्यातेर फाल्ने बानी छैन मेरो, असाध्यै माया लाग्छ, अहिले पनि म संग उतिबेलाका चिठीपत्रका पोको पुन्टुराहरु सबै सुरक्षित छन् । उसो त कक्षा १ देखि कै स्कुलका नोटहरु पनि सबै सुरक्षित छन् ।

ती दिनहरु सम्झदा आज एकादेशका कथा जस्ता लाग्छन् । सूचना र प्रविधिको चरम बिकाससंगै त्यसमाथि मानिसको पहुँचले गर्दा सेकेण्डभरमै सूचनारूपी वायुपंखीमा चढेर संसारभर विचरण गर्न सक्ने भएका छौं । चिठीपत्रको त कुरै छोडौं मान्छेहरु अचेल इमेल प्रयोग गर्न समेत झन्झट मान्ने भैसकेका छन् । इमेलभन्दा पछाडि आएको सामाजिक सञ्जालको तिब्र बिश्वब्यापीकरणले इमेल सँस्कारलाई नै बिस्थापित गर्दै छ ।

अफिसियल कार्य सम्पादन बाहेक इमेलकोसमेत प्रयोग हुन छोडिसकेको छ । अहिलेका नयाँ पुस्तालाई सोध्ने हो भने धेरैजसोले फेसबुक आइडी सजिलै बताउन सके पनि इमेल ठेगाना सजिलै बताउन नसक्ने भएकाछन्, यसको सिधा अर्थ हो, इमेल औसत मान्छेको दैनिक जीवनमा प्रयोग हुने सूचीबाट हट्दै छ । मान्छेहरूले इमेललाई बिर्सन मात्र बाँकी छ । जब कि कुनै इमेल ठेगानाबिना फेसबुक एकाउन्ट खोल्न सकिदैन । यसरी मानिस चिठीपत्रबाट इमेल, फोन हुँदै सामाजिक सञ्जालको दुनियाँमा भित्रिएपछि सूचना आदानप्रदानका भाषा पनि आफुखुशी हुन थालेका छन् । लम्बेचौडा लेखिरहन आज कसैलाई फुर्सद छैन । सकेसम्म फाष्टट्र्याकमा र छोटकरी शब्दावली प्रयोग गरेर आफुले भन्न खोजेको आशय सम्बन्धित ब्यक्तिलाई बुझाउन सके भयो ।

अहिलेका सुबिधाभोगी पुस्तालाई के थाहा ? महिना दिन लगाएर पठाईने पत्रहरूमा खास कुरा बाहेक औपचारिक ब्यहोरा मात्रै पुरै पानाभरिको हुन्थ्यो भनेर । जस्तै श्रीमतीले श्रीमानलाई लेखिने पत्रको ब्यहोराको एक लाइनः 'स्वस्तीश्री छ श्री आग्य त्यहाँ राजगरी बस्नुभएको शिरको स्वामीज्यूको चरणकमलमा शिर निहुराई पाउपरि साष्टाङ्ग डण्डवट प्रणाम सेवा छ ।' यसबाहेक चिठीको खाम बाहिर लेखिने निश्चित कोटेशनहरु हुन्थे, जस्तै 'लैजा चरि हावासरी यो पत्रको जबाफ तुरून्तै पाउने गरी' यसैगरी 'जसको पत्र उसको हात, अरूले खोले महापाप' ।

यसरी महिनादिन लगाएर आदानप्रदान गरिने चिठीपत्रको महत्व अर्कै हुन्थ्यो । त्यसरी पनि मानिसहरूले आफ्नो भावना साटासाट गरेकै थिए । बिश्वासमा घरपरिवार, समाज अडिएकै थियो । लाहुर गएका श्रीमानको पर्खाईमा निमेषभर नडगमगाईकन श्रीमतीहरु वर्षौ वर्षसम्म घर धानेर बस्दथे । बिश्वासको आधार यति बलियो हुन्थ्यो कि चिठी आउँदा पनि मान्छे नै आएजस्तो हर्षबढाई हुन्थ्यो परिवारमा । आजका प्रेमी-प्रेमिकाहरूबिच एक दिन म्यासेजको रिप्लाई ढिला हुने हो भने वैकल्पिक उम्मेदवारसंग चक्कर चलाउने प्रक्रिया शुरू भईसकेको हुन्छ, यो आजको तीतो सत्य हो । केही समस्या पऱ्यो होला अर्थात बिरामी पो परेर हो कि ? भन्ने तिर कसैले सोच्दैनन, सिधै कुनचाँहीसंग मस्ती गर्दैहोला अनि एउटा जाबो म्यासेजको रिप्लाई पनि गर्न सक्दैन भनेर सत्तोसरापमा उत्रिहाल्छन उनीहरु, अनि बिश्वासको संकट त्यही बिन्दुबाट सुरू हुन्छ । सूचना र प्रविधिको बिकासले मानिस मानिस बिचको संवादको दूरी कम गरि दिए पनि बिश्वासको दूरी र आत्मीयताको दूरी भने झन झन संकटतिर धकेलिदिएको छ । अस्तु